

निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily.com



घरवरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगव्याधिबाट बचौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७७ फागुन १० गते सोमवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 February 22 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७८


## मातृभाषा आमाको दूधजस्तै हुन्छ –मुख्यमन्त्री गद्दी

प्रस, वीरगंज, ९ फागुन/

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबू राउत गद्दी र वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले आइतवार भोजपुरी प्रतिष्ठान भवनको शिलान्यास गरेका छन् ।

भवन शिलान्यास गर्दै मुख्यमन्त्री गद्दीले भोजपुरी भाषालाई कामकाजको भाषा बनाउनुपर्नेमा जोड दिए । भोजपुरीभाषीहरूले आफ्नै भाषाको रक्षा गर्न नसकेकोमा उनले दुःख व्यक्त गरे ।

मातृभाषा आमाको दूध जस्तै भएको बताउँदै अन्य भाषा डेरीको दूध जस्तो हुने बताए । वीरगंज महानगरले भोजपुरी प्रतिष्ठान बनाएर भोजपुरी भाषालाई बचाउने कार्य गरेकोमा उनले धन्यवाद दिए ।

अन्तर्राष्ट्रिय मातृभाषा दिवसको अवसरमा भवन शिलान्यासपछि आयोजित बहुभाषिक कवि सम्मेलनमा बोल्दै उनले आफ्नो भाषा, संस्कृति, कला, भेषभूषाको संरक्षणमा सोही समुदाय अग्रसर हुनुपर्ने बताए । भोजपुरी भाषामा रहेको शब्दको भण्डार अन्य भाषामा नरहेको बताउँदै उनले आफ्नै व्याकरण, साहित्य रहेकोले पुरानो भाषाको रूपमा रहेको बताए । उनले कुनै समुदायको इतिहास मेटाउनु छ भने भाषा, संस्कृति र कलालाई लोप बनाए मात्र पुग्ने उनले जिकिर गरे । उनले राज्यले अहिलेसम्म भोजपुरी भाषालाई ओझेलमा पारेको बताए । उनले वीरगंजमा भोजपुरी साहित्यका भीष्म पितामहको रूपमा परिचित पण्डित दीपनारायण मिश्रको सालिक बनाउन सहयोग गर्ने प्रतिबद्धता जनाए ।

भौतिक पूर्वाधारमन्त्री जीतेन्द्र सोनलले आफ्नो भाषामा कृति लेखेर प्रसिद्ध साहित्यकारहरू विश्वमञ्चमा परिचित भएको बताए । उनले हीनताबोधबाट माथि उठेर राष्ट्रिय, अन्तराष्ट्रिय मञ्चमा भोजपुरी भाषामा आफ्नो एजेन्डा राख्नुपर्नेमा जोड दिए ।

वीरगंज महानगरका प्रमुख सरावगीले आजदेखि महानगरको कार्य भोजपुरी भाषामा शुरू भएको बताए । उनले महानगरमा भोजपुरी भाषामा निवेदन दर्ता गराउन सकिने बताउँदै बिस्तारै सबै कार्य भोजपुरीमा हुने आश्वासन दिए । भवन निर्माणका लागि अहिले सिड मनीको रूपमा सो रकम दिएको र आवश्यकता अनुसार सहयोग गर्ने बताए । उनले भोजपुरी साहित्यकार पण्डित मिश्रको स्मृतिमा १ लाख नगदसहित तीनवटा पुरस्कार प्रदान गरिने घोषणा गरे ।

प्रतिष्ठानका अध्यक्ष उमाशङ्कर द्विवेदीको अध्यक्षतामा भएको कार्यक्रममा जसपाका नेता लक्ष्मणलाल कर्ण, प्रदीप यादवलगायतले मन्तव्य राखेका थिए ।

प्रतिष्ठान निर्माणका लागि चालू आवमा रु ५० लाख वीरगंज महानगरपालिकाले विनियोजन गरेको छ । प्रतिष्ठानको तीन तले भवन बनाइने र भुइँतला व्यावसायिक प्रयोजनका लागि भाडामा लगाउने, पहिलो तलामा प्रतिष्ठानका पदाधिकारी कक्ष, विभिन्न विभाग र बैठक हल, दोस्रो तलामा हल र तेस्रो तलामा नाट्य, सङ्गीत, कला सम्बन्धित संरचना रहने गरी डिपिआर तयार भइरहेको प्रतिष्ठानका सदस्य रितेश त्रिपाठीले जानकारी दिए ।



तस्वीर: प्रतीक

## बुबा र मामाद्वारा बालकको अपहरण

प्रस, जनकपुरधाम, ९ फागुन/

आफ्नै बुबा र मामाले रकमको लागि धनुषाका एक बालकलाई अपरहरण गरेको खुलासा भएको छ । बुबा र मामा मिलेर अपहरण गरिएको बालकको ७ घण्टापछि सकुशल उद्धार गरिएको छ ।

बालकका बुबा धनुषाको नगइराइन नगरपालिका–६ निवासी रमेश दास र बालकका दुईजना मामासमेत मिलेर तीनजना भई ७ वर्षीय बालकको अपरहरण गरिएको थियो । बालक अपहरणको ७ घण्टाभित्रै प्रहरीले उद्धार गरेको थियो । प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक उमाशङ्करप्रसाद साहको टोलीले बालकको उद्धार गरेको हो ।

बालकका बुबा र मामा दुईजनासमेत गरी तीनैजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । बालक शनिवार दिउँसो १ बजे घरबाटै अपहरणमा परेका थिए । अपहरणपछि परिवारलाई अपराह्न ४ बजे एक करोड रुपैयाँ फिरौती लिएर

(बाँकी पाँचौं पातामा)

## दोस्रो चरणको खोप ३८ सयजनाले लगाए

प्रस, वीरगंज, ९ फागुन/

कोरोनाविरुद्धको खोप वीरगंजमा शनिवारसम्म ३ हजार ८ सयजनाले लगाइसकेका छन् ।


नारायणी अस्पतालमा माथिका तीनजना स्वास्थ्यकर्मी/चिकित्सकहरू पहिलो चरण र तलका तीनजना सञ्चारकर्मी दोस्रो चरणको कोरोनाविरुद्धको खोप लगाउँदै । तस्वीर: फाइल/प्रतीक

दोस्रो चरणको खोप फागुन २ गतेदेखि शुरू भएको र फागुन ८ गतेसम्म ३ हजार ८ सयजनाले लगाएको स्वास्थ्य कार्यालय वीरगंजका प्रमुख कामेश्वर चौरसियाले बताए । उनले दोस्रो चरणको खोप फागुन १० गते सोमवारसम्म सञ्चालन हुने र लक्ष्य हासिल गर्ने दाबी गरे ।

दोस्रो चरणको खोप जनप्रतिनिधि, सरकारी कार्यालयका कर्मचारी, सञ्चारकर्मीलाई लगाइँदैछ । पहिलो चरणको खोप पर्सा जिल्लामा ५ हजार ६१ जनाले लगाएका थिए । चिकित्सक, स्वास्थ्यकर्मी, एम्बुलेन्स/शववाहन चालक, भन्सार कर्मचारी/सुरक्षाकर्मी, सरसफाइकर्मी, कैदीबन्दी र वृद्धाश्रमका वृद्धवृद्धाहरूलाई लगाइएको थियो ।

यसैगरी, फागुन २३ गतेदेखि तेस्रो चरणको खोप प्रदान गरिने सरकारले जनाएको छ । यसका लागि भारतबाट थप १० लाख खोप आइतवार काठमाडौं आइपुगेको छ । यसअघि भारत सरकारको सहयोगमा १० लाख खोप अनुदान सहयोगमा नेपाल आएपछि पहिलो र दोस्रो चरणको खोप कार्य सम्पन्न भएको हो ।




मन राम्रो छ भने धेरैजनासँग सम्बन्ध बन्छ र स्वभाव राम्रो भएमा सम्बन्ध दिगो हुन्छ ।

- विचारसार र सूक्तिहरू

| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
online: eprateekdaily.com

# स्थानीयस्तरमा बोरो खेलाडी

**'विकास, अनुशासन र गतिशीलता' खेलकूदको मूल मन्त्र हो । जुन समाज खेलकूद क्षेत्रमा अगाडि बढेको छ, त्यस समाज विकास निर्माणमा अगाडि बढ्नुका साथै, अनुशासित र गतिशील हुन्छ । स्वास्थ्य तथा शारीरिक तन्दुरुस्तीका लागि खेलकूद नभई नहुने पक्ष हो । खेलकूद क्षेत्रसँग आर्थिक गतिविधि पनि जोडिएको छ । खेलकूद भइरहने क्षेत्र आर्थिक समृद्धितर्फ अगाडि लम्किरहेको हुन्छ । पालिकास्तरमा हुने एउटा सामान्य खेलकूद प्रतियोगिताले पनि त्यहाँको आर्थिक गतिविधि चलायमान भइदिन्छ । यातायात व्यवसायी, चिया/नास्ता पसललगायत यससँग जोडिएर आउने अन्य व्यापार–व्यवसायहरू खेलकूदको कारण फस्टाउने मौका पाउँछ। खेलकूदले मित्रता तथा भाइचारा सम्बन्ध स्थापित हुनुका साथै देश पहिचान उँचो गराउँछ ।**

**स्थानीयस्तरको खेलकूद बलियो भए मात्रै राष्ट्रियस्तरको खेलकूद बलियो हुन सक्छ। राष्ट्रिय खेलाडी उत्पादनको भट्टी स्थानीय घर, आँगन नै हो। केही वर्षयता नेपाली खेलाडीहरूले अन्तर्राष्ट्रियस्तरमा राम्रो प्रदर्शन गरिरहेका छन् । खेलकूद क्षेत्रको विकासको लागि खेलाडीलाई प्रोत्साहित गर्ने सरकारको नीति तथा कार्यक्रम हुनुपर्छ । परिवर्तित खेल नीति तथा कार्यक्रमको कारण हाम्रो राष्ट्रिय खेल क्षेत्र सफलता उन्मुख भएको हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीको लागि अब जीवन निर्वाह गर्न हाम्रो मुलुकमा पनि त्यति गाह्रो छैन । अन्तर्राष्ट्रियस्तरका पदक विजेताहरूलाई सरकारले पनि राम्रै सम्मान गर्ने गरेको छ । तर पछिल्लो समय स्थानीयस्तरको खेलकूद क्षेत्रमा भने केही नकारात्मक संस्कार हावी हुन थालेको छ । स्थानीयस्तरका खेलाडीहरूको क्षमता विकास एवं वृत्ति विकास तथा आर्थिक समृद्धितर्फको प्रतिस्पर्धाभन्दा पनि आयातित (बोरो) खेलाडी खेलाउने प्रतिस्पर्धा चलेको छ । कुनै चाडपर्व होस् या मौसमअनुकूल भएको फुर्सदको समय होस्, स्थानीयस्तरमा खेलकूद प्रतियोगिताहरू भइरहेका हुन्छन् । खेलकूद क्षेत्रमा युवा विद्यार्थीहरूको सहभागिता हुने भएकाले पनि यस्ता प्रतियोगिताहरूतर्फ समाजका अगुवा, व्यापारी, उद्यमीका साथै पालिकाको ध्यानाकर्षण नहुने कुरा रहेन ।**

**खेलकूद प्रतियोगिताका लागि विभिन्न क्षेत्रबाट लाखौं रकम जुटाइएको हुन्छ । तर यसरी जुटाइएको रकम आयातित खेलाडी (बोरो) खेलाडीको लागि खर्च भइरहेका हुन्छन् । धेरैजना स्तरीय खेलाडीलाई आफ्नो टिमबाट खेलाउने प्रतिस्पर्धामा सम्बन्धित क्षेत्रभन्दा बाहिरका स्वदेशी/विदेशी खेलाडीहरूले स्थानीय टीमबाट खेलिरहेका छन् । विशेषगरी फूटबल र क्रिकेट प्रतियोगितामा यस्तो हुने गरेको छ । कुनै कुनै खेलमा त टीमको नाम मात्रै स्थानीय हुन्छ । यसरी महँगा बाहिरी खेलाडी खेलाउँदा स्थानीय खेलाडीहरूको काम भनेको बजेट सङ्कलन गर्ने, आयातित खेलाडीको सेवा गर्ने र भने जति रकम भुक्तानी गरेर पठाउने मात्रै हुन्छ । खेल जितेको छ भने त पुरस्कार राशिमा केही रकम थपेर दिंदा पनि हुने भयो । यदि बाहिरी खेलाडी ल्याउँदा खेल हारियो भने त बजेट धान्न नै गाह्रो हुन्छ । स्थानीयस्तरको पूँजी यसरी बाहिरिरहेको छ भने स्थानीय खेलाडीको सीप तथा क्षमता विकास हुन पाएको छैन । खेलाडी आयात गर्ने प्रतिस्पर्धा नराम्ररी झाँगिदो छ । यसलाई नियन्त्रण गर्ने र स्थानीय खेलाडीको विकास हुने गरी स्थानीय सरकारहरूले आआफ्नो क्षेत्रमा स्पष्ट नीति तथा कार्यक्रमहरू बनाउनु जरुरी छ ।**

# मदन र झाँक्री

मन्तव्य



कुमार रुपाखेती

**ओली, प्रचण्ड–माधवहरूले कालीदास पारामा नेकपालाई क्षतविक्षत र धराशयी बनाएको सबैलाई थाहै छ । नेकपाबारे बोल्दा त फोहोरलाई चलायो गन्धको अवस्था छ। हामीले 'जस्तालाई त्यस्तै, ढिडोलाई निस्तै' गर्ने समय आइसकेको छ ।**

बहुदल आएलगत्तै टुँडिखेलको एक सभामा मदन भण्डारीले अनाहकमा राष्ट्राध्यक्ष वीरेन्द्रलाई फोस्रो ध्वाँस दिँदै– "महाराज नारायणहिटीमा बसेर धेरै नाकमुख नखुम्च्याइबक्स्योस्, राजनीति गर्ने भए श्रीपेंच फुकालेर आइस्योस्," भनेका थिए । त्यखिर राजा र दरबारलाई चुनौती दिंदै भाषण गर्दा चर्चा पाइन्छ, ठूलै नेतामा दरिन्छ भन्ने कुरा चतुरे नेताहरूलाई थाहा थियो । मदन भण्डारी यस्तै चुरीफुरीदार, मसालेदार भाषण गर्न माहिर थिए ।

अहिले समयले कोल्टो फेरेको छ । राजालाई श्रीपेंच खोलेर आऊ भन्ने मदन भण्डारीकी पत्नी राष्ट्राध्यक्ष छिन् । 'जैसन् गुरु वैसने चेला' भनेझैं गोर्खाको एक आमसभामा नेकपाकी रामकुमारी झाँक्रीले राष्ट्राध्यक्ष भण्डारीविरुद्ध तल्लोस्तरमा तथानाम मुख छाड्नि । राजालाई श्रीपेंच फुकालेर आऊ भन्दा गलल हाँस्ने कम्युनिस्टहरू झाँक्रीले विद्या भण्डारीको झाँक्रो झार्दा केही प्रफुल्लित देखिए भने केही नून खाएको कुखुराझैं झोक्रिए । आफूलाई मदन भण्डारीले गालीगलौज गरेको त्यो क्यासेट राजा वीरेन्द्रले समेत मगाएर मुस्कुराउँदै सुने र डस्टबिनमा फालिदिएछन् । तर बिचरा झाँक्रीको भाषणको क्यासेट सुनेर आगबबुला भएको ओली खेमाले केही घण्टा भएपनि हिरासतमा राखेर कागज गराएर मात्र झाँक्रीलाई मुक्ति दिए । सफेद झूट र गलत आरोप–प्रत्यारोप अनि मनगढन्ते भाषण गर्ने कला कम्युनिस्टहरूको नानीदेखि लागेको बानी हो । अरू किन ओलीलाई नै हेर्नुस् न ।

एकताका गद्दार पुष्पलालको नारा घकाउनेहरूले गले मिलेपछि पुष्पालालकी पत्नी सहाना प्रधानलाई बाइज्जत मन्त्री बनाए, नेता माने । अरूलाई खाने बाघले आफूलाई पनि खान्छ भन्ने हेक्का कम्युनिस्टहरूलाई हुँदैन रहेछ । हिजो मदन भण्डारी र आज झाँक्री यसका नमूना हुन् । नेकपाको आन्तरिक घरझगडामा लगातार असफल हुँदै गएपछि माघ २८ गतेको आमसभामा प्रचण्डले लाजै नमानी ठूला प्रजातान्त्रिक देशहरूसँग सहयोगको याचना गरेका थिए । ठूला प्रजातान्त्रिक देश भन्दै नाम नलिएर प्रचण्डले भारतसँग हारगुहार गरेको प्रस्टै छ । भारतकै सहयोगले उनको कथित जनयुद्ध नेपालमा सजिलै फस्टाएकै हो । विदेशी ज्वाइँझैं बसेर स्वदेशमा उत्पात मचाउने सौभाग्य प्रचण्डजस्ताले मात्रै पाउँछन् । प्रचण्ड, माधव, झलनाथ तीनवटै प्रधानमन्त्रीले जोड लगाके हैसा गर्दासमेत ओली जसका तस छन्, टसमस भएका छैनन् । भनिन्छ, भारतले अहिले ओली गुट र प्रचण्ड–माधव खेमा दुवैलाई माया गरेको छ रे । कसैलाई काखा–पाखा गरेको छैन, दुवैलाई बिरालोले मुसा खेलाएझैं खेलाइरहेको छ । भारतीय शहरमा हीरोगिरी, हीरोपन्थी गर्ने बानी छ हाम्रा नेताहरूमा । नेपाली काङ्ग्रेसमा एकजना अमरेश सिंह भन्ने यस्तै आनीबानी भएका मानिन्छन्, जो अचेल सरिता गिरीझैं ठन्डाराम छन् ।

ओली, प्रचण्ड–माधवहरूले कालीदास पारामा नेकपालाई क्षतविक्षत र धराशयी बनाएको सबैलाई थाहै छ । नेकपाबारे बोल्दा त फोहोरलाई चलायो गन्धको अवस्था छ । हामीले 'जस्तालाई त्यस्तै, ढिडोलाई निस्तै' गर्ने समय आइसकेको छ । नेपालमा प्रायःजसो राजनीतिक दलमा जो अगुवा उही बाटो हगुवा छ । यिनीहरूको त्रियाचरित्रले गर्दा गणतन्त्र, समावेशी, समानुपातिक सबै मागीखाने भाँडोमा परिणत भएको छ । प्रधानमन्त्रीले जतिसुकै भ्रष्टाचार घट्दै गएको हावादारी कुरा गरे पनि दलालहरूको सहयोगविना सरकारी, गैरसरकारी कार्यालयहरूमा सेवाग्राहीहरूको कुनै काम हुँदैन, दलाल अर्थात् घूस दिएर काम गराउने पहिलो सिढी । नगरपालिका, गाउँपालिका अर्थात् पालिका भनेको पालनहार । पालनहार भनिने यी कार्यालयहरूमा सेवाग्राहीहरूको दुर्दशा र मर्का त सय जिब्रो भएको शेषनागले पनि वर्णन गर्न सक्दैनन् । यहाँ त झन् लूट कान्छा लूट छ । नेकपाको घरझगडाले गर्दा आम नागरिकको जीवन झन् कष्टकर भएको छ । चामल, पीठो, खानेतेल, चिनी, चियापत्तीलगायतका दैनिक उपभोग्य वस्तुहरू प्रतिकिलो १५ देखि २० रुपैयाँ बढेका छन् । निर्माण सामग्री बालुवा, गिट्टी, सिमेन्ट, फलामे छड उत्पात महँगिएका छन् । मुलुकमा छोरीबेटीहरूको सुरक्षा एउटा चुनौती बनेको छ । हत्या र लुटपाटका घटना बढिरहेका छन् । मुलुकमा विदेशी चलखेल नबुझिंदो पारामा ह्वात्तै बढेको छ । सुरक्षा निकाय र राष्ट्रसेवकहरू लाचार बनेका छन् ।

पुस ५ गते ओलीले संसद् विघटन गरेपछि मुलुकले तमाम किसिमका नयाँ, पुराना समस्याहरू सामना गर्नुपरिरहेको छ । मुलुक निर्वाचन र पुनर्स्थापनाको दोसाँधमा फसेको छ । न्यायालय र निर्वाचन आयोगलाई प्रभावमा पार्न धम्क्याउने काम जारी छ, जसले झन् अन्योल थपेको छ । मिलावट गर्ने, अखाद्य पदार्थ बेच्ने उद्योगपतिहरूले लूट मचाएका छन् । तर जनताका जल्दाबल्दा समस्याबाट बेखबर झन्डै दुई तिहाइ बहुमतका नेकपावालाहरू आफ्नो शकुनि पासा फाल्नमा व्यस्त छन् । प्रतिपक्षी काङ्ग्रेसको गैरजिम्मेवारीपन र कछुवा पारा सबैलाई थाहै छ । मौकामा चौका हान्ने छाँट नदेखेपछि मधेसकेन्द्रित दलहरू यता कि उताको रणभुल्लमा छन् । राष्ट्रिय राजनीतिमा आफ्नो उपस्थिति दर्शाउन यदाकदा बाबुराम भट्टराई चटपटाएका देखिन्छन् । यिनी फेसबूके नेतामा मात्र सीमित छन् । अहिले सत्तावादीहरूको प्रमुख प्रतिपक्षीको रूपमा राजावादीहरू भने चलायमान देखिन्छन् । गणतन्त्रवादीहरूको विरोधमा राजावादीहरू अहिले निकै आक्रामक देखिएका छन् । उनीहरूले मुलुकभरि नै राष्ट्रिय झन्डा बोकेर गोलबन्द भएका देखिन्छन् । थुप्रै शहरबजारमा राजावादीहरूको सभाले राजावादीहरूको हौसला बुलन्द हुँदै गएको देखिन्छ । भोजपुरीमा थुथ्थुरहरूलाई 'थुथुनमें लाठी रोकेवाला' भनेझैं गणतन्त्रवादीहरूले राजावादी शक्तिलाई अनदेखा गर्दै आएका छन् । हेर्दै जाऊ, के के हुन्छ ।

# जसपाको तेस्रो चरणको विरोध कार्यक्रम

प्रस, वीरगंज, ९ फागुन/

जनता समाजवादी पार्टी पर्साले जिल्लाका १४ वटै पालिकामा आइतवार प्रदर्शन गरेको छ ।







पार्टी केन्द्रीय कमिटीको परिपत्र अनुसार प्रतिनिधिसभा विघटनविरुद्ध तेस्रो चरणको विरोध कार्यक्रम अन्तर्गत आज वीरगंज महानगरपालिका, पोखरिया, पर्सागढी, बहुदरामाई नगरपालिका, जीराभवानी, विन्ध्यवासिनी, सखुवाप्रसौनी, ठोरी, धोबिनी, पकाहमैनपुर, कालिकामाई, छिपहरमाई, जगरनाथपुर र पटेर्वासुगौली गाउँपालिकामा विरोध कार्यक्रम सम्पन्न भएको जसपा पर्साका सचिव तबरेज अहमदले बताए ।

वीरगंज महानगरमा महानगर कमिटीका अध्यक्ष ईश्वरचन्द्र यादवको अध्यक्षतामा विरोध प्रदर्शन भएको थियो। प्रदर्शनमा ओमप्रकाश सर्राफ, लालदेव यादव, शेख रुस्तम, सरोज यादव, तुफान अन्सारी आलम, मनमोहन पाण्डे, हरिन्दर साहलगायतको सहभागिता थियो । यसैगरी, विन्ध्यवासिनी गापाको झौवागुठीमा जसपा गापा कमिटीका अध्यक्ष रमेशसाह तेलीको अध्यक्षतामा भएको विरोध प्रदर्शनमा गापा अध्यक्ष श्रीलालसाह कानूलगायत नेता, कार्यकर्ताको सहभागिता थियो ।

ठोरी गापामा पूर्णसिंह तामाङ, बहुदरामाई नगरपालिकामा सिंहासनसाह कलवा, पर्सागढी नगरपालिकामा शेख खुर्सेद, धोबिनी गापामा दिनेन्द्रप्रसाद कुर्मी, छिपहरमाईमा इजरासनसाह कलवार र कालिकामाईमा दिनेश साह कलवारको अध्यक्षतामा विरोध प्रदर्शन भएको सचिव अहमदले बताए ।

*प्रस, रौतहट/*

जनता समाजवादी पार्टीले जिल्लाका

(बाँकी पाँचौं पातामा)

# केही भिन्न प्रश्न

पाठक प्रतिक्रिया

८ गते प्रतीकमा वासुदेवलाल दासको लेख 'श्रीपञ्चमीको धार्मिक, सामाजिक र सांस्कृतिक पक्ष' पढेर नजानेका धेरै कुरा जान्न पाएँ । यसमा केही प्रतिक्रिया पनि दिन चाहन्छु ।

**शुक्लां बह्मविचारसारपरमामाद्यां जगद्व्यापिनीम् ।**
**वीणापुस्तकधारिणीमभयदां जाड्यांधकारापहाम् ॥**
**हस्ते स्फाटिकमालिकां विदधतीं पद्मासने संस्थिताम् ।**
**वन्दे तां परमेश्वरीं भगवतीं बुद्धिप्रदां शारदाम् ॥** –सरस्वती मन्त्र

यो हो श्रीपञ्चमीको धार्मिक महत्त्व। अर्थात् सरस्वतीको पूजा आराधना। श्री भनेको लक्ष्मी। तर यो दिन लक्ष्मीलाई समर्पित छैन । लक्ष्मी वास्तवमा व्यापार र वैश्यकी देवी हुन्। हाम्रो समाजमा किसानलाई व्यापारी मानिंदैन । ती केवल अन्नदाता र प्रजापालक हुन् । उनको श्रीसम्पत्ति खेती हो । रबी फसलपछि आगामी फसलका लागि खेत तयार पारिन्छ। त्यसलाई मघाड जोताइ भनिन्छ। हलोले खेत जोत्न समय लाग्छ। त्यसैले यसको सुरुआत धेरै दिन पहिले श्रीपञ्चमीदेखि शुरू गरिन्छ । यो भयो श्रीपञ्चमीको सामाजिक पक्ष । टयाक्टर आएर यस दिनको महत्त्व घटेको छ । हुनत टयाक्टरले पनि यसै दिन जोत्न आरम्भ गर्नुपर्ने हो । तर यस्तो देखिंदैन । कुनै कुरा व्यक्ति वा परिवारमा सीमित हुन्छ भने त्यसलाई संस्कार भनिन्छ । त्यही कुरा समाजले गर्छ भने त्यसले संस्कृतिको रूप लिन्छ । म पूजा गर्छु । त्यो मेरो संस्कार हो । यही कुरा मन्दिरमा सबैले गर्छ । अतः मन्दिर हाम्रो संस्कृति हो । हिन्दूहरू लाशलाई नदी किनारमा जलाउँछन्, मुसलमानले गाड्छन् । अतः नदीघाट हिन्दू संस्कृति र कब्रगाह मुस्लिम संस्कृति हो । परिवारले नमस्कार गर्न सिकाएर हामीलाई एउटा संस्कार दिन्छ। त्यो संस्कार हाम्रो सभ्यतामा समाहित हुन्छ । जसले नमस्कार गर्दैन, उसलाई असभ्य, संस्कारहीन भनिन्छ । पूरा हिन्दू समाजले नमस्कार गर्छ । अतः नमस्कार हाम्रो संस्कृति हो । विद्यार्थीले सरस्वतीपूजा गर्छन्, कागजलाई खुट्टामा पर्न दिंदैनन् । यो विद्यार्थीको संस्कार हो । विद्यालयमा विद्यार्थीद्वारा गरिने पूजा हाम्रो संस्कृति हो । यहाँ मैले लेखकका केही कुरामा भिन्न मत पनि पाएको छु । ब्रह्माले जगत् बनाए । विष्णु निरीक्षण गर्न गए । चारैतिर उदासी, उचाट र स्तब्ध शान्ति देखियो । उनले बह्मालाई यो कुरा भने । ब्रह्माले सरस्वती पैदा गरे । सम्पूर्ण जगत् रस, राग र सङ्गीतले परिपूर्ण भयो । तर सरस्वती लक्ष्मीझैं यति विलक्षण सुन्दरी थिइन् कि ब्रह्मा आफैं मोहित हुन पुगे । छोरीस्वरूपा सरस्वती भागिन् । ब्रह्माले बलपूर्वक सरस्वतीलाई अपनाए । विष्णु आफैं लक्ष्मीसँग मोहित भएकाले दण्ड दिन सकेनन् । शिवले ब्रह्माको माथिको शिर काटेर चतुर्मुखी बनाइदिए । छोरीप्रति मोहित भएका हुनाले ब्रह्माको पूजा वर्जित भयो र उनको मन्दिर पनि बन्दैन ।

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# कोरोनाका चार नयाँ भेरियन्ट फेला

काठमाडौं, ९ फागुन/रासस

कोरोना भाइरस सङ्क्रमणबाट विदेशमा यस साता थप एक नेपालीको निधन भएको छ ।

गैरआवासीय नेपाली सङ्घका अनुसार बेलायतमा एकजनाको सङ्क्रमणबाट निधन भएको हो। योसहित २१ देशमा कोरोना सङ्क्रमणले निधन हुने नेपालीको सङ्ख्या ३३६ पुगेको छ ।

सङ्घ अन्तर्गतको स्वास्थ्य समितिका संयोजक सञ्जीव सापकोटाका अनुसार शनिवार साँझसम्म विभिन्न ५० देशमा रहेका ६० हजार ६३० जना नेपालीमा कोरोना सङ्क्रमण पुष्टि भएको छ । तीमध्ये ५९ हजार १२० जना कोरोना सङ्क्रमणामुक्त भएका छन् । सङ्क्रमणमुक्त हुने दर ९७ प्रतिशत छ।

गैरआवासीय नेपाली सङ्घको स्वास्थ्य समितिका अनुसार यो साता स्वीडेन, स्पेन, पोल्यान्ड, सेसल्स, बेलायत, युएई, साउदी अरबमा रहेका थप नेपालीमा कोरोना सङ्क्रमण देखिएको छ ।



तस्वीरः फाइल



यस्तै, कोरोना भाइरसका कारण नेपालमा दुई हजार ६१ जनाको निधन भएको छ। नेपालमा कोरोना भाइरसबाट सङ्क्रमण हुनेको सङ्ख्या दुई लाख ७३ हजार २६३ छ भने २ लाख ६९ हजार ६१९ जना अर्थात् ९८.७ प्रतिशत कोरोनाबाट मुक्त भएको गैरआवासीय नेपाली सङ्घ, कोभिड-१९ उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिए ।

**खोप अभियानमा सहभागी बनौं**

स्वास्थ्य विशेषज्ञले हाल प्रयोगमा आएका खोप सुरक्षित रहेको बताएका छन् ।

स्वास्थ्य समितिमा आबद्ध चिकित्सकका अनुसार लामो समयको अध्ययन र परीक्षणपश्चात् खोप प्रयोगमा ल्याइएकाले ती प्रयोगका लागि सुरक्षित छन् । हाल कोरोनाका विभिन्न चार नयाँ भेरियन्ट देखा परेको जनाउँदै उनीहरूले अहिले प्रयोगका ल्याइएका खोप नयाँ भेरियन्टका लागि पनि प्रभावकारी हुने बताएका छन् ।

संयुक्त अधिराज्य, अमेरिकाको क्यालिफोर्निया तथा एशिया र दक्षिण अफ्रिका महादेशमा कोरोनाका नयाँ भेरियन्ट देखा परेको हो । प्रारम्भिक अनुसन्धान अनुसार नयाँ भेरियन्ट पुरानो भाइरसका तुलनामा बढी सङ्क्रामक छन् । स्वास्थ्य समितिले नयाँ भेरियन्टविरुद्ध पनि खोप प्रयोग गर्न सकिने भन्दै खोप अभियानमा सहभागी हुन अपील गरेको छ ।

विभिन्न दीर्घ रोगको औषधि सेवन गरिरहेका व्यक्तिले पनि खोप लिन सक्ने समितिले जनाएको छ । तर गर्भवती महिला, स्तनपान गराउने महिला र तुरुन्त गर्भवती हुन योजना बनाइरहेकालाई खोप नलगाउन भनिएको छ । यस्तै, १८ वर्षमुनिकालाई पनि खोप सिफारिश गरिएको छैन। खोप लगाउनुपूर्व आफ्नो स्वास्थ्य अवस्थाबारे चिकित्सकसँग सल्लाह गर्नसमेत समितिले सुझाएको छ।

# लागूऔषधसहित तीनजना पक्राउ

प्रस, जनकपुरधाम, ९ फागुन/

प्रहरीले धनुषाको बटेश्वरबाट लागूऔषधसहित तीनजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा महोत्तरीको मनरासिसवामा बस्ने २१ वर्षे केशव सिंह, २० वर्षे रोशन ठाकुर र सहिल सिंह रहेका छन् ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरले जनाए अनुसार उनीहरूलाई शनिवार बेलुका बटेश्वर गाउँपालिका-२ धुमासनबाट पक्राउ गरिएको हो । उनीहरूका साथबाट तीन सय ८० थान नाइट्रोभेट बरामद गरिएको प्रहरीको आरोप छ। साथै प्रहरीले उनीहरू चढेको ज.७प १५७४ नम्बरको मोटरसाइकलसमेत नियन्त्रणमा लिएको जनाएको छ ।

# कान्ति राजमार्ग चालू आवभित्रै कालोपत्र सकिने

काठमाडौं, ९ फागुन/रासस

काठमाडौंलाई हेटौंडासँग जोड्ने वैकल्पिक सडक कान्ति राजमार्गको निर्माण चालू आवभित्रै सम्पन्न गर्ने योजना बनाइएको छ। सडक निर्माण शुरू भएको लामो समय बितेकाले सडक विभागले दुई लेन निर्माण गर्ने लक्ष्य बनाएको छ । छ्यासी किमीमध्ये १५ किमी कालोपत्र बाँकी रहेकामा कठिन भूगोलका कारण झन्डै पाँच किमी सडकमा अझै केही वर्षसम्म कालोपत्र नगरिने कान्ति राजमार्ग सडक योजनाले जनाएको छ ।

त्यसबाहेक १० किमी सडक चालू आवभित्रै निर्माण हुने योजनाका सूचना अधिकारी दीपेश रजकले बताए। उनले भने, "अहिले चालू ठेक्का सकेसम्म चाँडो सम्पन्न गरेर पुरानो ठेक्का सकौं र नयाँ काम नयाँ ठेक्काबाट गरौं भन्ने लक्ष्य छ।" पछिल्ला केही वर्षयता बर्सेनि वर्षाका समयमा पहिरोले गर्दा सडक अवरुद्ध हुने गरेको झन्डै पाँच किमी सडक तत्कालका लागि कालोपत्र नगरिने योजनाको लक्ष्य छ। ललितपुरको छपेली आसपास एक किमी र बीचबीचमा विभिन्न खण्ड एवं थोरै मकवानपुर खण्डमा काम गर्न कठिन रहेको सूचना अधिकारी रजकले बताए।

नयाँ सडक भएकाले त्यहाँ कालोपत्र गरिए पनि नटिक्ने उनले जानकारी दिए। केही वर्षसम्म हेरेर जमीन स्थिर भएपछि मात्रै कालोपत्र गर्न उपयुक्त हुनेछ। सो स्थानमा कालोपत्र बाँकी राखेर अरू काम चालू आवभित्रै गरेर आवतजावतमा सहज बनाइने योजनाको लक्ष्य छ । उनले भने, "एक किमी कालोपत्र गर्दा रु एक डेढ करोड जान्छ,


तस्वीरः सौजन्य

राज्यको लगानी खेर फाल्न हुँदैन भनेर रीत पुऱ्याएर छाडिनेछ।"

विगतमा विभिन्न समस्याका कारण सडक निर्माणले गति लिन सकेको थिएन। गत आवमा विश्वव्यापी कोभिड-१९ सङ्क्रमणको जोखिमका कारण सडक निर्माण हुन नसकेपछि अहिले ६ महीना अवधि थपिएको योजनाले जनाएको छ। चालू आवमा भने राम्रो गतिमा निर्माणको काम अघि बढिरहेको उनले जानकारी दिए। कुनै समस्याले निर्माणमा अवरोध आएमा नसकिने भएपनि सबै सहज भए यस वर्ष कालोपत्र सक्ने लक्ष्य लिइएको सूचना अधिकारी रजकले बताए। चालू आवमा कालोपत्र गर्ने भनिएको १० किमी सडकमा नाली बनाउने, पर्खाल लगाउनेलगायत आधारभूत काम भइरहेको छ।

गत आवमा १५ किमी सडक कालोपत्र गर्ने लक्ष्य लिइए पनि साढे आठ किमी कालोपत्र भएको र आवश्यक पूर्वाधारसमेत अघि बढाइएको थियो । कालोपत्रको काम अपेक्षा गरिए अनुसार नभए पनि अरू प्रगति लक्ष्य अनुसार रहेको योजनाले जनाएको छ।

सडकको रेखाङ्कनमा रहेका तीन पुलमध्ये सबै निर्माण सम्पन्न भइसकेको छ। पुलको चौडाइ कम भएकाले त्यसलाई सडकको चौडाइ जत्तिकै बनाउन खाँचो रहेको सूचना अधिकारी रजकले जानकारी दिए। सडकको ट्र्याक दुई लेन भएकाले पुललाई पनि त्यत्तिकै चौडाइमा स्तरोन्नति गर्ने योजना बनाइएको छ ।

साढे नौ मिटर चौडाइको सडकमा सात मिटर सडक तथा साढे दुई किमी नालीलगायत संरचना बनाइएको छ । देशभरका अरू राष्ट्रिय राजमार्गमा जस्तै सो राजमार्गमा पनि सडकको अधिकार क्षेत्र (राइट अफ वे) समस्या छ। पहिले सहायक सडक (फेदर रोड)का रूपमा रहेकामा सरकारले गत आवमा राष्ट्रिय राजमार्गका रूपमा सूचीकृत गरेको छ। राष्ट्रिय राजमार्गको चौडाइ सडक केन्द्रबाट ३१/३१ मिटर हुनुपर्ने मापदण्ड भएपनि पहाडी क्षेत्रमा त्यो कायम गर्न सजिलो नभएको सूचना अधिकारी रजकले बताए। अहिले तत्कालका लागि सडकको चौडाइ बढाउनुभन्दा भएकै चौडाइमा कालोपत्र गरिने उनले बताए। उनले भने, "अहिले निर्माणस्थल खाली गराउनुभन्दा भएकै चौडाइमा कालोपत्र गरिँदैछ।"

गत वर्षसम्म ९० किमी लम्बाइ रहेको सडकको लम्बाइ अहिले ८६ किमी छ। राजमार्गको शुरू बिन्दु हेटौंडाको बुद्धचोक तथा अन्तिम बिन्दु पहिले सातदोबाटो भएपनि अहिले 'अलाइनमेन्ट' परिवर्तन भएकाले लम्बाइ कम भएको छ । राजमार्गको ६ किमी सडक निर्माण डिभिजन सडक कार्यालयले गरिरहेकोले योजनाले ७९ किमी सडक निर्माण गरिरहेको छ ।

त्यसमध्ये ५१ किमी सडक ललितपुर र २८ किमी मकवानपुर जिल्लामा पर्छ।

निर्माण शुरू भएको ६ दशकपछि कान्ति लोकपथ अन्तिम चरणमा पुगेको छ । विसं २०७२/७३ पछि सरकारको प्राथमिकतामा परेसँगै सडकको स्तरोन्नतिको काम तीव्र गतिमा अघि बढिरहेको छ । सरकारले सो सडकलाई पहिलो प्राथमिकता (पिवान)मा राखेसँगै योजना कार्यालयको स्थापना भएको थियो। सरकारले एक दशकयता बर्सेनि राजमार्गका लागि बजेट विनियोजन गर्दै आएको छ।

निर्माणाधीन सो राजमार्गलाई हेटौंडाबाट मुग्लिन हुँदै काठमाडौंसम्मको २२६ किमी लम्बाइको र हेटौंडाबाट पालुङ हुँदै काठमाडौं आउने १३६ किमी सडकको विकल्पका रूपमा समेत हेरिएको छ । राजमार्ग निर्माण सम्पन्न गर्न मकवानपुरतर्फ करीब रु ८५ करोड र ललितपुरतर्फ करीब रु एक अर्ब खर्च लाग्ने अनुमान गरिएको थियो। प्रदेश नं ३ को राजधानी हेटौंडा तोकिएपछि पनि सो राजमार्गको महत्त्व अझै बढेको छ। सङ्घीय राजधानीलाई तराई-मधेससँग जोड्ने सडकमध्ये निर्माणाधीन काठमाडौं-तराई/मधेस द्रुतमार्ग सबैभन्दा छोटो हुनेछ। यो सडकको समेत विकल्पका रूपमा कान्ति राजमार्गलाई लिइन्छ।

# प्रहरी टोलीमाथि स्थानीयद्वारा आक्रमण

प्रस, हेटौंडा, ९ फागुन/

इलाका प्रहरी कार्यालय नेवारपानीबाट खटिएको टोलीलाई राक्सिराङ गाउँपालिका-१ कुपिनटारमा गाँजा कारोबारीका पक्षधर स्थानीयले आक्रमण गरेका छन् ।

स्थिति नियन्त्रणमा लिन प्रहरीबाट दुई राउन्ड हवाई फायर गरिएको प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले जानकारी दिए ।

मकवानपुरमा बरामद १८ क्विन्टल गाँजा जलाएर फर्किइरहेको प्रहरी टोलीमाथि आक्रमण भएको हो। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले हवाई फायर गर्नुपरेको जनाएको छ ।

प्रहरीको कामकारबाईमा बाधा पुऱ्याएको भन्दै राक्सिराङ-१ का ४३ वर्षीय कान्छालाल रुम्बालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

मकवानपुरको राक्सिराङ गाउँपालिका-१ गाल्छाराङमा बारीमा लुकाइराखिएको १८ क्विन्टल गाँजा प्रहरीले शनिवार बरामद गरेको थियो । सो गाँजा नष्ट गरी कार्यालयतर्फ फर्कने क्रममा स्थानीयले बाटो अवरुद्ध गरी प्रहरीको गाडी र प्रहरीहरूमाथि आक्रमण गरेका थिए ।

यसैबीच राक्सिराङ-१ कुपिनटारबाट थप १५ किलो गाँजा र १४ किलो भाङ बेवारिसे अवस्थामा बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# होटेलमा महिला मृत फेला परिन्

प्रस, जनकपुरधाम, ९ फागुन/

जनकपुरधाम उपमहानगरपालिका-७ स्थित नमस्कार होटेलमा एक महिला मृत अवस्थामा फेला परेकी छन् । दुई दिनदेखि सोही होटलमा बस्दै आएकी अन्दाजी ३५ वर्षीया महिला मृत फेला परेको प्रहरीले जनाएको छ ।

होटेलको कोठा नं ११३ मा झुन्डिएको अवस्थामा शनिवार राति महिला मृत फेला परेकी धनुषाका प्रहरी प्रवक्ता मकेन्द्रकुमार मिश्रले बताए ।

मृत फेला परेकी महिला महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका वडा नं २ बस्ने समीक्षा पोखरेल पाण्डे रहेको प्रहरीले जनाएको छ। उनी दुई दिनअघि आफ्ना पतिविरुद्ध जिल्ला प्रहरी कार्यालय धनुषामा उजूरी दिन पुगेकी थिइन्। उजूरी दिएर उनी होटेलमैं बसेको अवस्थामा मृत फेला परेकी हुन्। घटना शङ्कास्पद देखिएकोले गहन अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# ज्ञानदा टक शोको चौथो शृङ्खला सम्पन्न

प्रस, वीरगंज, ९ फागुन/

ज्ञानदा टक शोको चौथो शृङ्खला

प्रधानाध्यापक डा सिबी जदलीले प्रयोगात्मक तरीकामा आधारित शिक्षा


ल्याबको उद्घाटन गर्दै मुख्यमन्त्री गद्दीलगायत। तस्वीरः सौजन्य

आइतवार सम्पन्न भएको छ।

ज्ञानदा एकेडेमीले आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री लालबाबूराउत गद्दीले ज्ञानदा प्रिलाइब्रेरी ल्याबको उद्घाटन गर्दै ल्याबबाट छात्रछात्राहरूको दक्षता बढ्ने बताए।

कार्यक्रममा एकेडेमीका दिन ल्याबको स्थापना गरिएको बताए। उनले ल्याबमा बालबालिकाले नयाँ कुरा सिक्ने बताए।

कार्यक्रममा वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीलगायत शिक्षकशिक्षिकाहरूको सहभागिता थियो।

# फरार रहेका ५०५ जना पक्राउ

प्रस, सप्तरी, ९ फागुन/

विगतमा विभिन्न मुद्दाका फरार अभियुक्तमध्ये चालू आर्थिक वर्षमा ५०५ जना पक्राउ परेका छन् । कैद तथा जरिवाना सजाय तोकिएर फरार रहेका ५०५ जना अपराधीलाई पक्राउ गर्न सप्तरी प्रहरी सफल भएको हो ।

चालू आर्थिक वर्ष २०७७/७८ को साउनदेखि माघ मसान्तसम्म पाँच महीनाको अवधिमा विभिन्न ठाउँबाट पक्राउ गर्न सफल भएको प्रहरी नायब उपरीक्षक भुवनेश्वरप्रसाद साहले जानकारी दिए । यसै क्रममा पछिल्लोपटक जबरजस्ती करणीका फरार अभियुक्त सप्तरीको सुरुङ्गा नगरपालिका-५ बस्ने २० वर्षीय मो. शहादतलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार फरार प्रतिवादीमा कुटपिट मुद्दाका सर्वाधिक छन् भने सवारी ज्यान, कर्तव्य ज्यान, गाली बेइज्जती, ठगी, जबरजस्ती करणी, लेनदेनलगायत मुद्दाका फरार प्रतिवादी पनि रहेको तथ्याङ्कमा उल्लेख छ।

पक्राउ परेका फरार प्रतिवादीहरूबाट ६५ वर्ष ६ महीना २२ दिन कैद बक्यौता तथा जरिवानाको बक्यौता रु १२ लाख ७७ हजार ७२६ असुली गरिएको जिल्ला प्रहरी कार्यालयका प्रनाउ साहले जानकारी दिएका छन् ।

यस अवधिमा भन्सार छली गरी भित्र्याइएका ८८ मोटरसाइकल, आठ अटोरिक्शा, पाँच ट्याक्टर, तीन पिकअप तथा दुई टेम्पो नियन्त्रणमा लिई कारबाई प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ । सवारीसाधनको रु दुई करोड ३४ लाख १७ हजार ५७२ अनुमानित मूल्याङ्कन गरी भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

सोही अवधिमा जिल्लामा विभिन्न अपराधका ४३७ मुद्दा दर्ता भएका छन्। यो आँकडा गत आवको तुलनामा कम रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

यसैगरी, सप्तरी प्रहरीले भारतबाट मोटरसाइकलमा तस्करी गरी ल्याउँदै गरेको ६४१ थान विभिन्न तयारी कपडा नियन्त्रणमा लिएको छ। गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय कडोरबोनाको टोलीले पूर्वपश्चिम राजमार्ग अन्तर्गत सप्तरीको सुरुङ्गा नगरपालिकास्थित बलान खोला पुलमा जाँच गर्ने क्रममा तयारी कपडा नियन्त्रणमा लिएको हो ।

प्रहरीले तस्करीका कपडा र तस्करीमा प्रयोग भएका तीनवटा मोटरसाइकसहित दुईजना तस्करलाई नियन्त्रणमा लिएको छ ।

# मोटरसाइकल चालकको ज्यान गयो

प्रस, बारा, ९ फागुन/

बाराको कलैया उपमहानगरपालिका-३ मा आइतवार भ्यानको ठक्करबाट मोटरसाइकल चालकको ज्यान गएको छ। बाराकै प्रसौनी गाउँपालिका-५ बस्ने ४० वर्षीय दुर्योधन चौधरीको मृत्यु भएको हो ।

ना.१ज ८८३९ नम्बरको म्याजिक भ्यानले ना.४प ५१२४ नम्बरको मोटरसाइकललाई ठक्कर दिंदा घाइते भएका चौधरीलाई उपचारको लागि कलैया अस्पतालमा भर्ना गरिएको थियो। उपचारको क्रममा बिहान सवा ११ बजे उनको मृत्यु भएको प्रहरीले जनाएको छ। भ्यानसहित चालकलाई जिल्ला प्रहरी कार्यालय बाराले नियन्त्रणमा लिएको छ।

# वृद्धाश्रम सञ्चालनको लागि समिति गठन

प्रस, बिरुवागुठी, ९ फागुन/

आमोदेवी मानव सेवा तथा वृद्धाश्रम


तस्वीरः प्रतीक

निर्माण तथा कार्य सञ्चालनको लागि समिति गठन भएको छ ।

आश्रम सञ्चालनको लागि अशोक बुर्लाकोटीको अध्यक्षतामा ११ सदस्यीय समिति गठन भएको छ। समितिको उपाध्यक्ष सीता प्याकुरेल, सचिव अरुणलाल कर्ण, सहसचिव बलिराम शुक्ला, कोषाध्यक्ष मीना क्षत्री, सदस्यहरूमा कुस्माकर पौडेल, अर्जुन अधिकारी, अरुणप्रकाश रेग्मी, सुकमान तामाङ, गीता नेपाल र नरहरि पौडेल छन्।

# मनोरम चित्लाङ

हेटौंडा, ९ फागुन/रासस

‘कुन मन्दिरमा जान्छौ यात्री ? कुन मन्दिरमा जाने हो ? कुन सामग्री पूजा गर्ने ? साथ कसोरी लाने हो...?’ महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित तथा रञ्जीत गजमेरद्वारा सङ्गीतबद्ध र रविन शर्माको आवाजमा स्वराङ्कन भएर आजभन्दा ३६ वर्षअगाडिको चर्चित चलचित्र “वासुदेव”मा समावेश गरिएको यो मीठो सङ्गीतमा पशुपति बहुमुखी क्याम्पस काठमाडौंमा स्नातक तहमा अध्ययनरत सर्लाहीकी स्मिता थापा “टिकटक भिडियो” छायाङ्कन गर्दै थिइन्। त्यहाँ उनी जस्तै भिडियो बनाउने अरू धेरै थिए तर सबैले यही एउटा मात्र गीतमा भिडियो बनाइरहेका थिए। एउटा ढुङ्गेधारा उनीहरूको एकमात्र “सुटिङ स्पट” थियो । धाराको डिलमा बसेर कापी कलम बोकेर केही लेखेजस्तो गरेर फोटो खिच्नेहरू पनि प्रशस्त थिए ।



नेपालकै ठूलो चरण क्षेत्र रहेको चित्लाङस्थित गुर्जुधारा चौर । महाकवि लक्ष्मीप्रसाद देवकोटाले यही चौरमा ‘यात्री’ कविता रचना गरेको बताइन्छ । तस्वीरः रासस

केहीबेर त्यहाँ बसेर त्यो गतिविधि नियाल्ने जोकोहीलाई पनि त्यो धारा र त्यो गीतसँग पक्कै पनि केही न केही अन्तरसम्बन्ध छ भन्ने कुराको भान परिहाल्छ । मनमा पलाएको कौतुहलता मेट्न धारानजीकै भएको बोर्ड अध्ययन गर्न पनि सकिने रहेछ। बोर्डमा लेखिएको छ, “महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित “यात्री” कविताको रचनास्थल ‘गुर्जुधारा’ ।”

मकवानपुरको ऐतिहासिक तथा पर्यटकीय क्षेत्र चित्लाङस्थित “गुर्जुधारा” चन्द्रागिरिको फेदीमा मकवानपुरपट्टि पर्छ। यातायातको विकास हुनुअघि भारत तथा नेपालका विभिन्न क्षेत्रबाट काठमाडौं प्रवेश गर्ने एकमात्र नाका चित्लाङ भएकोले यही मार्ग भएर आउजाउ गर्ने थुप्रै नेपाली र विदेशीको एकमात्र विकल्प थियो ।

महाकवि लक्ष्मीप्रसाद देवकोटा त्यही मार्ग हुँदै कयौंपटक आवतजावत गर्थे । कुनै कवि सम्मेलनमा सहभागी हुन भारत जान लागेका महाकवि देवकोटा एक दिन गुर्जुधारानजीकै धर्मशालामा बास बसेका थिए । बास बस्ने क्रममा उनले पशुपति दर्शनका लागि भारतदेखि आएका तीर्थयात्री पहाडी बाटोमा हिंड्न नसकेर भरियामार्फत बोकिएर हिंडेको, उनीहरूसँग अशक्त, अपाङ्ग तथा माग्नेले भीखको लागि हारगुहार गरेको तर उनीहरूले बेवास्ता गरेको देखे । हेर्दा निकै नै धनाढ्य देखिने ती यात्रीहरूले धर्मशालावरिपरि बसेका भिखारीको भीख र सहयोगको अनुरोध भने नसुनेझैं गरी बेवास्ता गरेकोप्रति भावुक भएर महाकविले ‘यात्री’ कविता लेखेको अग्रजहरूबाट सुनेको बताउँछन्, स्थानीय स्वच्छन्द भैरव माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक तथा होमस्टे सङ्घका केन्द्रीय सल्लाहकार बुद्धरत्न मानन्धर । स्थानीय होमस्टे सञ्चालकसमेत रहेका मानन्धरका अनुसार ऐतिहासिक व्यापारिक बाटो (सिल्क रोड)मा रहेको गुर्जुधारा चन्द्रागिरि पर्वतको फेदीमा अवस्थित छ । यहाँ महाकवि देवकोटाले रचना गरेका अनेकौं रचनामध्ये “यात्री” कविता सुप्रसिद्ध भएको छ र यसै प्रसिद्धिको नाताले मानन्धरले यहाँ एउटा होमस्टे खोलेका छन् । जसको नाम ‘गुर्जुधारा होमस्टे’ राखिएको छ ।

चित्लाङमा गुर्जुधारा मात्रै हैन थुप्रै पौराणिक, ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदा छन्, जसले यहाँ थुप्रै आन्तरिक तथा बाह्य पर्यटकलाई आफूतर्फ आकर्षित गरिरहेका छन् । मानन्धरका अनुसार चित्लाङ नेपालको पुराना शहरमध्ये एक हो । लिच्छविकालीन राजा अंशुवर्माले सातौं शताब्दीमा यो शहर बसालेको इतिहासकारलाई उद्धृत गर्दै मानन्धर बताउँछन्। चन्द्रगिरिबाट एक घण्टाको पैदल दूरीमा पर्ने चित्लाङ प्राचीन बस्तीको झल्को दिने खालका घरले मनमोहक देखिन्छ । सम्राट अशोकको प्रतिबद्धता अनुसार उनकी छोरी चारुमतीले बनाएको अशोक चैत्य अर्थात् चारुमती बिहार यहाँको प्रमुख पर्यटकीय गन्तव्य अन्तर्गत पर्दछ। तीनवटा गजुर भएको ढुङ्गैढुङ्गाले बनेको पौराणिक शिवमन्दिर पनि यहाँको अर्को आकर्षक गन्तव्य हो। मानन्धरका अनुसार चित्लाङको प्राचीन नाम चित्रापुर हो। उसबेला थानकोटको नाम शोणितपुर थियो। त्यहाँका राजा बाणासुरको पुत्री राजकुमारी उषामैयाको सहेली ‘चित्रा’ ले यहाँको प्राकृतिक सुन्दरतालाई मन पराएर दैनिक आउने गरेकीले यो ठाउँको नाम चित्रापुर रहन गयो। पछि भारतका सम्राट अशोकपुत्री चारुमती स्वयम्भूको दर्शनार्थ आउँदा चित्रापुरको बाटो हुँदै स्वयम्भूको दर्शन गरिन् र काष्ठमण्डपको उत्तरको विशाल मैदानबीचमा एउटा बौद्ध बिहार बनाइन्, जसको नाम क्रमशः चाबहीर चाबहिल र चाबेल रहन गयो। यो घटनाक्रम २२ सय वर्षअघिको थियो र सोही बखत चारुमतीको सहयोगमा यता चित्रापुरमा पनि एउटा ‘चैत्य’ निर्माण भयो, जसलाई अशोक चैत्य भनिन थालियो । चारैतिरका मान्छेहरू चैत्य दर्शन गर्न आउन थाले। नेवारहरूले चैत्य आउँदा प्रयोग गरेको यहाँको बाटोलाई चैत्य लँ भन्न थाले । लँ को अर्थ बाटो हो । चैत्यलँ भनिंदै जाँदा यो चित्रापुर भन्ने ठाउँको नाम नै चैत्यलँ बाट चैत्यलङ चेतलङ हुँदै चित्लाङ हुन गएको बताइन्छ । यस ठाउँको नाम चित्लाङ नामकरण भएको करीब दुई हजार दुई सय वर्ष जति भएको मानन्धर बताउँछन् ।

समुद्री सतहबाट दुई हजार ५०० मिटरको उचाइमा रहेको चन्द्रागिरि पर्वतको दक्षिणी पानीढलोपट्टिको भाग चित्लाङमा पर्छ । ऐतिहासिक भालेश्वर महादेवको प्राचीन मन्दिर चित्लाङतिर पर्छ तर हाल नयाँ विशाल मन्दिर बनेपछि पुरानो मन्दिरको भने बेवास्ता भएको पाइन्छ ।

चित्लाङको मुख्यबस्ती समुद्री सतहबाट एक हजार ७५० मिटरको उचाइमा पर्दछ। दक्षिणमा देशकै ठूलो मानवनिर्मित ताल इन्द्रसरोवर, पूर्वमा दामन, पालुङ र उत्तरमा काठमाडौंसँग जोडिएको यस क्षेत्र सुन्दरताले भरिपूर्ण छ । देशकै सबैभन्दा ठूलो चरन क्षेत्र भएको पहाडी चउर चित्लाङमैं पर्दछ। यहाँ सरकारले विगतमा सञ्चालन गरेको भेडा फार्म र प्रदेश सरकारले बाख्रा विकास फार्मको रूपमा सञ्चालन गरिरहेको छ। बाख्राको दूध र त्यसबाट बनेको ‘चिज’ का लागि पनि चित्लाङ प्रसिद्ध छ। विगतमा मूलाको लागि प्रसिद्ध चित्लाङ खुर्सानीका लागि पनि उत्तिकै परिचित छ।

यहाँ दुईवटा सुविधासम्पन्न रिसोर्ट र २० वटा होमस्टे सञ्चालित रहेको र हप्तामा ७०० देखि एक हजारसम्मले बास बस्ने गरेको बताउँछन् चित्लाङ रिसोर्ट प्रालिका सञ्चालक रामशरण नेपाल। नेपालका अनुसार यहाँ दैनिक मोटरसाइकल वा गाडीमा घुम्न आउने र फर्कनेको सङ्ख्या सयौं छ । केही विदेशी तथा अधिकांश नेपाली पर्यटकले भरिभराउ रहने चित्लाङमा एक रात बस्ने गरी जानेको सङ्ख्या बढी हुने होटल व्यवसायी बताउँछन्। शुक्रवार यहाँका अधिकांश होमस्टे र रिसोर्ट भरिभराउ हुन्छन् ।

एशियामा नेपालमा मात्रै पाइने उँटे भेडा (अल्पाका) पनि चित्लाङमा पालिएको छ । रिस उठ्यो भने थुकेर रिस मार्ने यो प्रजातिको ऊन संसारमा सबैभन्दा महँगो ऊन हो । यही जनावरलाई हेर्नका लागि मात्रै बर्सेनि यहाँ हजारौं मानिस आउँछन्। यहाँको अर्को आकर्षण हो, जैतुन खेती। जैतुन स्वास्थ्यवर्द्धक तेलका लागि विश्वप्रसिद्ध छ । अत्यन्तै महँगो मूल्यमा बिक्री हुने तेल उत्पादन हुने जैतुन वातावरणमा सबैभन्दा अक्सिजन फाल्ने वनस्पतीमध्ये पर्दछ। चित्लाङमा विदेशको मरुभूमिमा मात्र देख्न पाइने क्वाड बाइक भनिने चार पाङ्ग्रे मोटरसाइकलको मज्जा पनि लिन सकिन्छ।

यहाँ आउने पर्यटकले भरपूर आनन्द लिएको पाइन्छ । काठमाडौंको थानकोटबाट एक दिनका लागि यहाँ आएकी सम्झना कोइराला चित्लाङको चित्ताकर्षणले लोभ्याएको बताउँछिन् । ग्रामीण स्वच्छ वातावरण, पौराणिक चिजबिज, बगान, ऐतिहासिकस्थल आदिले उनलाई आनन्दित पारेको छ । “यो पटक साथीसँग आएँ, अब परिवारसँग चाँडै आउँछु,” उनले भनिन्।

हेटौंडाको भुटनदेवी माध्यमिक विद्यालयकी शिक्षिका कुसुम थापालाई पनि चित्लाङ साऱ्है मन पऱ्यो । सहकर्मीहरूसँग घुम्न आएकी उनलाई जैविक खेती, ऐतिहासिक सातधारा, गुर्जुधारा, चन्द्र दरबार, पौराणिक वस्तुहरू आदिको भ्रमणले आनन्दित बनाएको बताउँछिन्। चित्लाङको विकास र पर्यटकीय प्रवर्धनमा स्थानीय तथा प्रदेश सरकार लागि परेको थाहानगरका प्रमुख लवशेर विष्ट बताउँछन् । “हामीले सङ्घीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरेर चित्लाङको विकासका लागि थुप्रै योजना बनाएका छौं, कतिपय काम भइरहेका छन्, कतिपय हुँदैछन्,” उनले भने ।

# वैदेशिक रोजगारमा जाने र फर्केकालाई तालीम

प्रस, जनकपुरधाम, ९ फागुन/



तस्वीरः सौजन्य

जनकपुर उपमहानगर-२५ लोहनामा तीन जिल्लाका वैदेशिक रोजगारमा जाने र फर्किनेहरूलाई नेपाल एसबिआई बैंकले रोजगारमूलक तालीमसम्बन्धी जानकारी प्रदान गरेको छ।

रोजगारमा गएका र फर्केका युवाहरू र तिनका परिवारबीच सीप परियोजनामार्फत उपलब्ध ऋण र सोसम्बन्धी पुऱ्याउनुपर्ने बैंकिङ प्रक्रियाबारेमा बैंकले जानकारी प्रदान गरेको हो । धनुषा, महोत्तरी र सिराहास्थित नेपाल एसबिआई बैंकका विभिन्न शाखाले विनाधितो ऋण प्रवाह गर्दै आएको छ । प्रदेश सरकार, सीप परियोजना र एसबिआई बैंकबीच वैदेशिक रोजगारमा जानेहरूलाई सहुलियत दरमा विनाधितो ऋण उपलब्ध गराउन भएको सम्झौताबमोजिम बैंकले युवाहरूलाई ऋण दिंदै आएको छ।

सो अवसरमा परियोजना प्रदेश २ का क्षेत्रीय प्रमुख मोहम्मद साबिरले योजनाले साहु महाजनबाट चर्को ब्याजमा ऋण लिएर वैदेशिक रोजगारमा जानुपर्ने युवाहरूको बाध्यकारी अवस्थालाई केही हदसम्म समाधान गरेको दाबी गरे । उनले फर्केकाहरूले आआफ्नो व्यवसाय गरेर आर्थिक योगदानमा मदत पुऱ्याउन सक्ने विश्वास व्यक्त गरे ।

यो परियोजना अन्तर्गत वैदेशिक रोजगारबाट फर्केकाहरूले स्वरोजगारका लागि तीन लाख रुपैयाँ ऋण पाउने व्यवस्था छ भने वैदेशिक रोजगारमा जानेहरूले राहदानी बनाएपछि बैंकमा नागरिकता, राहदानी र फोटोसहित निवेदन दिएको आधारमा बैंकमा बचत खाता खोलिने र भिसा लागेपछि सोबमोजिमको प्रक्रिया पूरा गरी अधिकतम डेढ लाख रुपैयाँसम्म ऋण पाउने प्रावधान छ।

गत वर्ष यससम्बन्धी सम्झौता भएको थियो र सोही सम्झौताबमोजिम बैंकहरूले ऋण प्रवाह गर्दै आएका छन्।

सिराहा, धनुषा र महोत्तरीमा नेपाल एसबिआई बैंक र सप्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा प्रभु बैंकले यो ऋण सुविधा उपलब्ध गराउँदै आएको छ।

# विकास निर्माण कार्यको अनुगमन

प्रस, वीरगंज, ९ फागुन/



विकास निर्माणको अनुगमन गर्दै नगरप्रमुख सरावगी । तस्वीरः सौजन्य

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले महानगरका विभिन्न वडाहरूमा भइरहेका विकास निर्माणका कामहरूको स्थलगत निरीक्षण गरेका छन्।

महानगर अन्तर्गत निर्माण भएका ३२ वटै वडामा नगरप्रमुख सरावगीले प्रत्येक साता शनिवार निरीक्षण गर्ने कार्यलाई निरन्तरता दिंदै आएका छन्। सडक, नालालगायतका भौतिक पूर्वाधार विकास निर्माणका कामहरू तोके अनुसारको गुणस्तरीय भए-नभएबारेमा स्थानीयसँगको सहकार्यमा निरीक्षणलाई निरन्तरता दिंदै आएका हुन्।

यसै क्रममा शनिवार वीरगंज महानगर अन्तर्गत वडा नं १४ मा निर्माण भइरहेको स्वास्थ्य कार्यालयदेखि पूर्व बाइपास सडकको निरीक्षण गरेका थिए। पिपरादेखि वडा नं १५ बाइपास जोड्ने सो सडकखण्डको काम तोके अनुसार भए-नभएबारेमा अनुगमन गरेका थिए। उक्त स्थानमा सडक र नाला निर्माण भइरहेका छन्।

यसैगरी, वडा नं १९ बर्वाटोलमा निर्माण भएको सडकको पनि निरीक्षण गरेका थिए। त्यसैगरी, वडा नं ८ मा भोजपुरी प्रतिष्ठानका लागि उपलब्ध गराउने जग्गाको पनि नगरप्रमुख सरावगीले निरीक्षण गरेका थिए।

# सप्तरीमा ८३ प्रतिशतले खोप लगाए

प्रस, सप्तरी, ९ फागुन/

दोस्रो चरणमा लक्ष्यको ८३ प्रतिशतले सप्तरीमा कोरोनाविरुद्धको खोप लगाएका छन्।

जिल्लामा दोस्रो चरणमा ३ हजार ७ सय ९४ जनालाई खोप लगाउने लक्ष्य रहेकोमा ३ हजार २ सय ३८ जनाले खोप लगाएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ।

सप्तरीको ७ स्थानमा सञ्चालन गरिएको खोपकेन्द्रमा ३ हजार २ सय ३८ जनाले खोप लगाएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका निमित्त प्रमुख दुनियाँलाल यादवले बताए । फागुन २ देखि ८ गतेसम्म जिल्लाका विभिन्न सात स्वास्थ्य संस्थामा खोपकेन्द्र स्थपना गरिएको थियो।

पहिलो चरणको खोप कार्यक्रममा ९८.३४ प्रतिशतले खोप लगाइसकेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ।

सरकारी कार्यालय, संस्थानका कर्मचारी, बैंक तथा वित्तीय संस्थामा काम गर्ने र पालिकाका जनप्रतिनिधि, कर्मचारीलाई खोप लगाएका छन् ।






तस्वीरः सौजन्य

सोबाहेक पत्रकार तथा पहिलो चरणमा छुटेका स्वास्थ्यकर्मीहरूले पनि दोस्रो चरणमा खोप लगाएका छन्।

त्यसैगरी, सिराहामा पाँच हजार ३५३ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। दुई चरणमा सञ्चालित खोप कार्यक्रम अन्तर्गत जिल्लामा पहिलो चरणमा तीन हजार ४२६ र दोस्रो चरणमा एक हजार ९२७ जनाले खोप लगाएका छन्।

सरकारले तोकेको मापदण्डभित्र परेकाले जिल्ला अस्पताल, रामकुमार उमाप्रसाद स्मारक अस्पताल र मिर्चैया प्राथमिक स्वास्थ्य केन्द्रबाट खोप लगाएको कार्यालयका प्रमुख कृष्णदेव यादवले जानकारी दिए । खोप लगाउनेमा स्वास्थ्य, सुरक्षा र सञ्चारकर्मी तथा निजामती कर्मचारी र जनप्रतिनिधि रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ।

# लागूऔषधसहित युवक पक्राउ





प्रस, वीरगंज, ९ फागुन/

लागूऔषधसहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ।

वीरगंज महानगर-१६ रजतजयन्ती चोकबाट वीरगंज मनपा-३२ चोर्नी बस्ने २३ वर्षीय हरेन्द्र मण्डललाई लागूऔषधसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

उनको साथबाट नाइट्रोभ्याट १४४० थान र सेमफेक्स ९६ थान बरामद भएपछि अनुसन्धान भइरहेको जिप्रका, पर्साले जनाएको छ।

## अन्तर्राष्ट्रिय समाचार

# संयुक्त राष्ट्रसङ्घद्वारा म्यान्माको जुन्ता शासकको निन्दा

याङ्गुन, ९ फागुन/एएफपी

म्यान्मामा सैनिक 'कू'को विरोधमा भएको प्रदर्शनका क्रममा गोली चलाउँदा




म्यानमाको सैनिक शासनविरुद्ध प्रदर्शन गर्दै स्थानीय। तस्वीरः एपी

दुईजनाको मृत्यु भएको छ। सैनिक शासकले गरेको यस दमनको संयुक्त राष्ट्रसङ्घको निन्दा गरेको छ। लोकतन्त्र पक्षधरहरूले गरेको प्रदर्शनका क्रममा प्रहरीले चलाएको गोलीको कारण जुन्ता सरकारको निन्दा भएको हो।

सेनाले सत्ताकब्जा गरेको विरोधमा शनिवार म्यान्डलेमा गरिएको प्रदर्शनका क्रममा दुईजनाको मृत्यु भएको थियो। सैनिक 'कू'को विरोधमा लोकतन्त्र पक्षधरहरूले विभिन्न शहरमा नियमित प्रदर्शन गर्दै आएका छन्। राजधानी न्यापिटअ, याङ्गुन, म्यान्डलेलगायत शहरमा 'कू'को विरोधमा शनिवार प्रदर्शन गरिएको थियो। म्यान्माको दोस्रो ठूलो शहर म्यान्डलेमा शनिवार भएको विरोधका क्रममा प्रदर्शनकारी र प्रहरीबीच तनाव बढेको थियो।

दुई हप्ताभन्दा बढी राष्ट्रव्यापी सडक प्रदर्शनमा शनिवार सबैभन्दा घातक दिनको रूपमा रहेको छ। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले शनिवारको हिंसालाई 'घातक हिंसा' भनि निन्दा गरेका छन्। यस हिंसामा परी दुईजनाले ज्यान गुमाए भने ३० जनभन्दा बढी घाइते भएका छन्। एक चिकित्सकका अनुसार मृतकमध्ये एकजनालाई टाउकोमा र अर्कोलाई छातीमा गोली लागेको थियो।

स्थानीय सञ्चारमाध्यमले झडपपछि एक दर्जनभन्दा बढी व्यक्तिलाई पक्राउ गरिएको बताएको छ। 'ग्लोबल न्यू लाइट अफ म्यानमा' नामक राज्यद्वारा सञ्चालित एक पत्रिकाले मृत्युको बारेमा कुनै उल्लेख गरेको छैन। सुरक्षाकर्मीले कानूनबमोजिम गरेका सुरक्षा कदमका कारण केही आक्रामक प्रदर्शनकारीहरू पनि घाइते भएका भनी उक्त पत्रिकाले जानकारी दिएको छ।

प्रदर्शनकारीले म्यान्माकी लोकतन्त्रवादी नेत्री आङ सान सुकीसहित सैनिक नियन्त्रणमा रहेका सबै नेतालाई मुक्त गर्न माग गरेका छन्। उनीहरूले सुकीसहित सबै नेतालाई तत्काल रिहा गर्न र नोभेम्बरमा भएको चुनावी परिणाम स्वीकार गर्नुपर्ने माग राखेका छन्। विरोध चर्कँदै गएपछि गत साता सेनाले प्रदर्शनकारीलाई २० वर्षसम्मको जेलसजायका साथै जरिवाना गरिने चेतावनीसमेत दिएको थियो।


नोभेम्बरको चुनावमा सूचीको दल नेशनल लिग फर डेमोक्रेसी (एनएलडी) ले ८० प्रतिशतभन्दा बढी मत ल्याएको थियो। तर सेनाले चुनावमा धाँधली दाबी गर्दै सत्ता हातमा लिएको हो। सेनाप्रमुख मिन आङ ह्लाइङले 'संविधान अनुसार नै शासनसत्ता नियन्त्रणमा लिइएको' दाबी गर्दै 'देशलाई एक वर्षभित्र सही मार्गमा लैजाने' बताउँदै आएका छन्।

त्यस्तै, अमेरिकी राष्ट्रपति बाइडेन, बेलायती प्रधानमन्त्री बोरिस जोनसन, संयुक्त राष्ट्रसङ्घ तथा युरोपेली सङ्घले 'लोकतन्त्रको पक्षधर म्यान्मावासीमाथिको दमन अस्वीकार्य रहेको' बताउँदै आएका छन्। उनीहरूले 'म्यान्माका जनताको आवाज विश्वले नियालिरहेको' जनाएका छन्। अमेरिकी राष्ट्रपति बाइडेनले गत साता आफ्नो देशमा रहेको एक अर्ब डलरबराबरको म्यान्माको सरकारी कोषमा सेनाको पहुँच रोक्ने जनाएका थिए। रासस

# फाइजरको खोप ९५.८ प्रतिशत प्रभावकारी

जेरुसेलम, ९ फागुन/ एएफपी

इजरायलको स्वास्थ्य मन्त्रालयले कोरोना भाइरसविरुद्धको फाइजरको




तस्वीरः एएफपी

खोपको प्रभावकारिता करीब ९६ प्रतिशत रहेको जनाएको छ। इजरायलमा सरकारले व्यापक खोप अभियान सञ्चालन गरिरहेको छ।

इजरायलको खोप अभियान विश्वमैं सर्वाधिक तीव्र रहेको छ। डिसेम्बरयता इजरायलमा ४२ लाख ५० हजारजनालाई पहिलो डोज खोप दिइसकिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार झन्डै २८ लाख ८० हजार व्यक्तिलाई दुई डोज खोप दिइएको छ।

खोप लिएका व्यक्तिमा गरिएको अनुसन्धानबाट खोपले झन्डै ९५.८ प्रतिशत प्रभावकारी प्रमाणित भएको मन्त्रालयको भनाइ छ। साथै, फाइजरको खोप गम्भीर बिरामी व्यक्तिका लागि ९९.२ प्रतिशत र मृत्युदर रोक्न ९८.९ प्रतिशत सफल रहेको पाइएको छ।

स्वास्थ्य मन्त्रालयका महानिर्देशक हेजी लेभीले शनिवार विज्ञप्ति जारी गर्दै सरकारले १६ वर्ष वा सोभन्दा माथिका सबै जनतालाई खोप लगाउने योजना रहेको उल्लेख छ। इजरायलले बजार मूल्यभन्दा बढीमा फाइजर खोप किन्नुका साथै अमेरिकी कम्पनी फाइजरसँग डेटा आदानप्रदान गर्न सहमति जनाएको छ।

**चीन सरकारद्वारा कोभिड–१९ खोपलाई परीक्षणको अनुमति**

बेइजिङ, ९ फागुन/सिन्ह्वा

चीन सरकारले चीनभित्र नै बनेका कम्तीमा पनि १६ वटा खोपलाई परीक्षणको अनुमति दिएको बताइएको छ।

चीनको नेशनल मेडिकल प्रोडक्ट्स एडमिनिस्ट्रेशनले सो कुराको जानकारी दिएको हो। शनिवार सो निकायले दिएको जानकारी अनुसार चीन सरकारले यहाँका १६ वटा कम्पनीका खोपहरूलाई परीक्षणको अनुमति दिएको छ भने तीमध्येका छवटाको त परीक्षणको तीन चरण नै भइसकेको जनाइएको छ।

तीमध्येका दुईओटा कम्पनीले निर्माण गरेका खोपले भने चीनभित्र र बाहिर पनि बजार लिएको बताइएको छ। चाइना नेशनल बायोटेक ग्रुपको तर्फबाट बनेको सिनोफार्मको खोपले अहिले बजार लिएको छ। त्यसैगरी, सिनोभ्याक बायोटेकले बनाएको कोरोना भ्याक भ्याक्सिनले पनि बजारमा प्रवेश पाएको छ र यसको धेरैतिर प्रयोग पनि भएको बताइएको छ।

ती दुई खोपले चीनको सरकारी आधिकारिक निकायबाट गएको डिसेम्बर ३० मा र यसै वर्षको फेब्रुअरी ५ मैं अनुमति पाएको बताइएको थियो। त्यसैगरी, चीनको औषधि व्यवस्थापनसम्बन्धी सरकारी निकायले यही फेब्रुअरीको ९ तारिखमा चार करोडभन्दा बढी खोप यहाँका औषधिको प्रचलन गर्ने संस्थाहरूलाई हस्तान्तरण गरेर लगाइएको पनि बताइएको छ।

त्यसमार्फत ती खोपहरू चीनमा काम गर्ने र भाइरसको जोखिम रहेका समुदायका नागरिकलाई नै लगाइएको बताइएको छ। ती खोपहरू भने अरू कतिपय देशमा निर्यात पनि गरिएको बताइएको छ। रासस

# युनाइटेड एयरलाइन्सको विमान ठूलो दुर्घटनाबाट बच्यो

डेन्भर, ९ फागुन/एएफपी

संयुक्त राज्य अमेरिकाको डेन्भरबाट हवाईतर्फ उडेको युनाइटेड एयरलाइन्सको विमानको एउटा इन्जिनमा उड्नासाथ आगो लागे पनि पाइलटहरूले सकुशल अवतरण गराएका छन्।

विमानको इन्जिनमा आगो लाग्न थालेसँगै विमानको बाहिरी भागबाट अवशेषहरू उछिट्टिएर भुईँमा खसेका थिए। अधिकारीहरूले विमानका चालकले आपत्कालीन अवतरण गर्न विमानस्थलको टावरसँग सम्पर्क गरेर तत्कालै विमानलाई डेन्भर विमानस्थलतर्फ फर्काएका थिए।

विमानभित्रका यात्रीले खिचेको तस्वीर एवं भिडियोमा बोइङ ७७७–२०० को उक्त विमानको दायाँतर्फको इन्जिनमा ठूलै आगोको मुस्लो देखिएको थियो। आगोका कारण इन्जिनको बाहिरी कभर खुस्किएर उछिट्टिएको थियो। विमानमा २३१ जना यात्री र १० जना चालक दलका सदस्य थिए।

विमानमा सवार वा जमीनका कुनै पनि व्यक्तिलाई चोटपटक नलागेको अधिकारीहरूले बताएका छन्।

विमानमा सवार यात्री डेभिड डेलुसियाले डेन्भर पोस्टलाई प्रतिक्रिया दिंदै आफूहरूलाई एकपटक बाँच्छु भनेर आशा नै नभएको बताएका छन्।

युनाइटेड एयरलाइन्सले एक विज्ञप्ति जारी गर्दै डेन्भरबाट होनोलुलुतर्फ उडेको विमानमा इन्जिनमा समस्या देखिएको तर विमानलाई सकुशल डेन्भर फर्काइएको जनाएको छ।

विमानका पाइलटले "विमानको इन्जिनमा आगो लागेकाले तत्कालै फर्कन अनुमति पाऔं" भन्दै टावरसँग सम्पर्क गरेका थिए। रासस

# गण्डक नहर सडक कालोपत्रमा लापरवाही

राधेश्याम पटेल, परवानीपुर, ७ फागुन/

पर्सा–बारासम्म फैलिएको गण्डक नहरको सर्भिस लेनमा दुई लेनको कालोपत्रे बाराको पूर्वी सिमाना अरुवा खोलासम्म ७ मिटर चौडाइको दुई लेनको कालोपत्रे (डिबिएसटी) सडक निर्माण भइरहेको बताए।

यो आयोजनाको परामर्शदाता सिल्ट म्याटेरियल टेस्ट जेभी नेपाल हो।



पर्साको बहुदरमाई नपाको पटनीस्थित गण्डक नहरको सडक। तस्वीरः प्रतीक

सडक निर्माणको काममा ठेकेदार कम्पनीले चरम लापरवाही गरेको छ। आयोजना सकाउन २४ महीनाको समयावधि तोकिए पनि सो समयावधि बितिसक्दा पनि एकदमै थोरै काम भएको छ। दुई वर्षमा ठेकेदार कम्पनी दिवा निर्माण सेवा काठमाडौंले जम्मा २३ प्रतिशत भौतिक प्रगति गरेको बताइएको छ।

सडक विभाग अन्तर्गत सडक सुधार तथा विकास आयोजना (आरआइडिपी) अन्तर्गत भारत सरकारको रु १ अर्ब ३ करोडको ऋण सहयोगमा निर्माण भइरहेको उक्त सडकको लम्बाइ ६२ किलोमिटर छ। सो सडकखण्डको पर्सामा २६ किलोमिटर र बारामा ३६ किलोमिटर सडक परेको छ। गण्डक नहरको सर्भिस लेनको सडक कटान गरेर खेत बनाएको र नहर मर्मतको लागि बनाइएको सडकमा सवारीसाधन गुड्न थालेपछि नारायणी सिंचाइलाई नहरको दक्षिणी तटबन्ध जोगाउन समस्या भएको थियो। सर्भिस लेनमा कालोपत्रे भयो भने दुई जिल्लाबीच आवतजावत पनि सहज हुने र नहरको तटबन्ध पनि जोगिने सरकारको भनाइ छ।

पर्साको इनर्वा (जानकीटोला)देखि

छ। सडक निर्माणमा आयोजना कार्यालयको नियमनको कमी तथा ठेकेदारको सुस्त गतिको काम गराइले सडक निर्माणमा ढिलाइ भइरहेको छ। गाउँलेहरूले सडक निर्माणको काम एकदमै सुस्त भएको र ठेकेदारले लापरवाही गरिरहेको बताएका छन्।

२०१९ जनवरीमा ठेक्का सम्झौता भई सोही वर्ष फरवरीमा काम शुरू भएको र अन्तिम म्याद २०२१ फरवरी मसान्तसम्म रहेकोमा काम हुन नसक्दा ठेकेदार पक्षले म्याद थपका लागि सडक विभागको आयोजना कार्यालयमा निवेदन दिएको थियो। कोरोना महामारीलाई ध्यानमा राख्दै आयोजना कार्यालयले थप ६ महीना अवधि थपेको छ। तर उक्त अवधिमा काम सम्पन्न नहुने छाँटकाँट देखिएको छ। ठेकेदार कम्पनी दिवा निर्माण सेवा प्रालि काठमाडौंका सञ्चालक उत्तम उप्रेतीले कोरोनाको कारण काम प्रभावित भएकोले अहिले काम तीव्र गतिमा भइरहेको बताए। दिवा निर्माण सेवाले आन्तरिकरूपमा सर्लाही धनकौलको रवि कन्स्ट्रक्शनलाई पेटी कन्ट्रयाक्टमा काम दिएर पनि काममा ढिलाइ भएको सडक विभागको आयोजना कार्यालयका एक इन्जिनीयरले भारतीय ऋण अनुदानमा भारतको एक्सिस बैंकको लगानी गरेको बताइएको छ। यसको भुक्तानी पनि भारतीय एक्सिस बैंकबाट नै हुने गरेको छ।

**२२ वटा पुल नबने सडकको काम छैन**

पर्सा–बारासम्म फैलिएको गण्डक नहरको ६२ किलोमिटर लम्बाइसम्मको सडकखण्डमा करीब २२ वटा पुल जीर्ण अवस्थामा पुगेका छन्। ठेकेदारले सडक बनाएपनि पुल निर्माण नभए उक्त एक अर्बको सडकको काम निष्प्रभावी हुने बताइएको छ।

गाउँलेहरूका अनुसार साना/ठूला गरी २२ वटा जीर्ण पुलको बारेमा सिंचाइ मन्त्रालय वा नेपाल सरकार उदासीन भएकोले उक्त पुल मर्मतसम्भार वा नयाँ निर्माणको बारेमा पनि भारत सरकारसँग छलफल गर्नुपर्छ। तर सरकारले सडक कालोपत्रेको आयोजना ल्याए पनि पुल निर्माणको योजना पनि अति आवश्यक भएको गाउँलेहरू बताउँछन्। २२ वटा पुलमध्ये करीब आधा दर्जन पुलबाट सवारीसाधन ओहोरदोहोर गर्दा हल्लिने गरेको र केही पुलको स्ल्याब पनि भासिएकोले कुन बेला पुल क्षतिग्रस्त हुने हो भन्नेबारेमा स्थानीयवासी चिन्तित छन्।



अखिल नेपाल महिला सङ्घले गौरमा गरेको प्रदर्शन। तस्वीरः प्रतीक

## अनेमसङ्घद्वारा गौरमा प्रदर्शन

प्रस, रौतहट, ९ फागुन/

गौरमा अखिल नेपाल महिला सङ्घसँग आबद्ध महिलाहरूले प्रतिगमन, महिला हत्या हिंसा र बलात्कारविरुद्ध प्रदर्शन गरेका छन्।

अखिल नेपाल महिला सङ्घ रौतहटको आयोजनामा आइतवार गौरस्थित विपी चोकबाट शुरू भएको प्रदर्शन नगरपरिक्रमा गर्दै ओली सरकार मुर्दाबाद, हत्या हिंसा बन्द गर जस्ता नारा लगाएका थिए। विरोध प्रदर्शनमा नेकपा प्रचण्ड–माधव समूहका नेता, कार्यकर्ताहरू सहभागी थिए।

## बुबा र मामाद्वारा....

आऊ नत्र बालकलाई मारिदिन्छु भनेर फोन आएको प्रहरी अनुसन्धानमा देखिएको छ। परिवारजनले लगत्तै प्रहरीलाई सम्पर्क गरेर राति ८ बजे जनकपुरको माछाबजारस्थित एक घरबाट बालकको सकुशल उद्धार गरेको थियो। हालसम्मको अनुसन्धानमा आफ्नै बुबा अर्थात् बालकका बुबापट्टिका बाजे हरिचन दाससँग रकम असुल्न रमेश र उनका दुईजना साला मिलेर बालकको अपहरणको नाटक गरेको खुलेको अनुसन्धानमा खटेका प्रहरी अधिकारीले बताएका छन्।

## जसपाको तेस्रो चरण....

नगरपालिका र गाउँपालिकामा विरोध प्रदर्शन गरेको छ।

केन्द्रीय कार्यक्रम अनुसार तेस्रो चरणको विरोध कार्यक्रम सदरमुकाम गौर नगरपालिकासमेत गङ्गापिपरा, समनपुर, गरुडा, माधोपुरलगायतका नगरपालिकाहरूमा पनि गरिएको थियो। संसद् विघटनको विरोधमा जिल्लाका सबै नगरपालिका र गापामा विरोध प्रदर्शन गरिएको जसपा रौतहटले जनाएको छ

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

**मोटरसाइकल चोरी भएको सूचना**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, पर्साको नाममा रहेको ना.१ब २४१२ नम्बर, SZ–RR YAMAHA मोडल, इन्जिन नं G3C9E0072771, १४९ सिसी, कालो–हरियो रङ्ग, चेसिस नं MEIRG0819H0052067 को सरकारी मोटरसाइकल मिति २०७७।११।०९ गते बिहान करीब १ देखि ३ बजेभित्र वीरगंज महानगरपलिका वडा नं १५, हरियालीनगर, नयाँबस्ती (लक्ष्मणवा गाउँको दक्षिणी टोल)बाट चोरी भएकोले पाउनुहुने महानुभावले नजीकको प्रहरी चौकी अथवा कार्यालयको सम्पर्क नं ९८५५०३६४१५, ९८५५०३६४१२ मा जानकारी गराउनुहुन अनुरोध छ।

- रोशन अधिकारी

**आजको राशिफल**

| राशि | फल | राशि | फल |
| --- | --- | --- | --- |
| मेष | विजय | वृष | धनलाभ |
| मिथुन | भाग्योदय | कर्कट | बेचैनी |
| सिंह | मनोरञ्जन | कन्या | सफलता |
| तुला | प्रगति | वृश्चिक | वादविवाद |
| धनु | यात्रालाभ | मकर | कडाश्रम |
| कुम्भ | ज्ञानोदय | मीन | उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# रेल विभागका महानिर्देशक बज्राचार्य निजगढमा
# कोरियन सर्भे कन्सल्टचान्टसहितका प्राविधिकद्वारा स्थलगत अनुगमन

प्रस, निजगढ, ९ फागुन/

रेलमार्ग निर्माणका लागि रेल विभागका महानिर्देशक प्रमिला बज्राचार्य, कन्सल्टचान्ट र प्राविधिकहरूको टोलीले निजगढ प्रमुख सुरेशकुमार खनाल, रेलमार्ग पीडित सरोकार समितिका समाधान गर्नुपर्ने संयोजक श्रेष्ठले टोलीलाई जानकारी गराए।

यस क्षेत्रमा गरिने सर्भे टोलीलाई


तस्विर : जीतलाल श्रेष्ठ

रेलमार्गका लागि युसिङ कोरियन सर्भे कन्सल्टचान्टका मुख्य सर्भेयर कु, सोन, रेल विभागका सिनियर डिभिजन इन्जिनीयर देवेन्द्रप्रसाद साह, नेपाली सर्भे कन्सल्टचान्टका जियोलोजिस्ट अच्युत कोइरालासहितको प्राविधिक टोलीले निजगढको बकैया खोलाको पूर्वतर्फको क्षेत्रको आइतवार स्थलगत अनुगमन गरेका छन्।

करीब एक महीनाअघि निजगढ नगरपालिकाका स्थानीय सरोकारवाला जग्गाधनीहरूलाई कुनै जानकारी नदिई विद्युतीय रेलमार्गको सर्भे गर्दै निजी जमीनमा पिलर गाडेपछि स्थानीयहरूले रेलमार्ग पीडित सरोकार समिति गठन गरी अवरोध गरेपछि दोस्रोपटक स्थलगत अनुगमनका लागि सो टोली आज निजगढ आएको हो।

राष्ट्रिय गौरवको आयोजना मेची–महाकाली विद्युतीय रेलमार्ग अन्तर्गतको निजगढ–हेटौंडा–भरतपुर खण्डको डिपिआर तयार गर्न स्थलगत सर्भे गर्न निजगढ आएको टोलीले त्यस बेला निजगढ नपा, वडा कार्यालय, सम्बन्धित जग्गाधनीहरूलाई कुनै जानकारी नै नदिई घनाबस्ती, बजार क्षेत्र, राजमार्ग क्षेत्र, खेतीयोग्य जमीन नै मासिने गरी रेलमार्ग लैजान सर्भे गरिरहेको थाहा पाएपछि तत्कालै सो कार्य रोक्दै निजगढ नपाको समन्वयमा एक चरणको छलफल भइसकेको थियो।

आज रेल विभागसहितको रेलमार्गका लागि कोरियन र नेपाली सर्भे पदाधिकारीलगायतसँग छलफलपछि बकैयाखोलाको नदीकाट, बकैयापुल, पुरानो निजगढसम्म स्थलगत अनुगमन गरेको हो।

रेलमार्ग निर्माणका लागि मानवबस्ती नपर्ने गरी वैकल्पिक निकास हुँदाहुँदै मानवबस्ती मासिने गरी रेलमार्ग लैजान नहुने आफ्नो स्पष्ट धारणा र अडान रहँदै आएको नगरप्रमुख खनालले सो टोलीलाई जानकारी गराए।

बकैयाखोलाको पूर्वी किनारलाई समाउँदै रेलमार्ग लैजाँदा मानवबस्ती, निजी खेतीयोग्य जमीन नपर्ने, तटबन्धको दीर्घकालीन समस्यासमेत समाधान हुने नगरप्रमुख खनालले बताए।

"हामी जनप्रतिनिधि, नगरवासी विकासका विरोधी होइनौं। तर प्रशस्त विकल्प हुँदाहुँदै पनि मानवबस्ती, खेतीयोग्य जमीन भएर नै रेलमार्ग लैजानुपर्छ भन्ने पक्षमा हामी छैनौं," उपप्रमुख लीलादेवी लामिछानेले बताइन्।

निजगढको भूगोलको अवलोकन, अध्ययन नगरी हचुवाको भरमा हुने विकासले नगरवासीको हित नहुने रेलमार्ग पीडित सरोकार समितिका संयोजक जीतलाल श्रेष्ठ, सहसंयोजक विष्णु खड्काले सो टोलीलाई जानकारी गराएका थिए।

रेलमार्ग निर्माण गर्दा आकाशे पानीको बहावलाई उचित निकास दिनुपर्ने, स्थानीयहरूको आवातजावतको उचित निकास दिनुपर्नेलगायतका आवश्यक कुरालाई समेत ध्यान दिई समस्या स्थानीयहरूलाई सहयोग गर्न आग्रह गर्दै सर्भे कार्यबाट सङ्कलन भएका, आएका तथ्यलाई पारदर्शी ढङ्गबाट पुनः छलफल र सहमति गरेर मात्रै कार्य अघि बढाउने अन्यथा बकैया खोला पुलपारि पश्चिमी किनारलाई समेत अर्को विकल्पको रूपमा अघि बढाउने रेल विभागका महानिर्देशक प्रमिलादेवी बज्राचार्य र सिनियर डिभिजन इन्जिनीयर देवेन्द्रप्रसाद साहले जानकारी गराए। रेलमार्गको लागि कम्तीमा पनि ५० मिटर चौडाइको भूभाग आवश्यक पर्ने, ३५० मिटर दायाँ–बायाँको क्षेत्रलाई समेटी सर्भे गर्नुपर्ने टोलीले जनाएको छ।

# खेलकूदको संसार

## फूटबल र कबड्डी प्रतियोगिता जारी

प्रस, वीरगंज, ९ फागुन/

वीरगंज महानगरद्वारा सञ्चालित रनिङ शिल्ड प्रतियोगिता अन्तर्गत फूटबल र कबड्डीका खेल जारी छन्। रनिङ शिल्ड प्रतियोगिता अन्तर्गत फिल्ड इभेन्ट र ट्र्याक इभेन्टका प्रतियोगिताहरू जारी रहेको महानगरले जनाएको छ।

महानगरमा रहेका पचासवटा सामुदायिक तथा संस्थागत विद्यालय प्रतियोगितामा सहभागी छन्। आदर्शनगर रङ्गशालामा जारी प्रतियोगितासँगै फागुन १५ गतेदेखि रनिङ शिल्ड अन्तर्गत क्रिकेट प्रतियोगिताको आयोजना बताइएको छ।

## निजगढ युवा क्लब 'ए' सेमिफाइनलमा प्रवेश

प्रस, निजगढ, ९ फागुन/

निजगढमा जारी तेस्रो निजगढ मेयर कप फूटबल प्रतियोगिताको सेमिफाइनलमा निजगढ युवा क्लब 'ए' प्रवेश गरेको छ।

आइतवार सम्पन्न अन्तिम क्वाटरफाइनल खेलमा बाघभैरव युवा क्लबलाई ३–१ गोलअन्तरले पराजित गर्दै निजगढ 'ए' सेमिफाइनलमा प्रवेश गरेको हो।


तस्वीर: प्रतीक

निजगढ युवा क्लबको जीतमा खेलको २३औं मिनेटमा समीर कुमरले पहिलो गोल गरे। बाघभैरवमाथि निरन्तर दबाब दिंदै आक्रमण गरिरहेको निजगढ युवा क्लबका समीर तामाङले अर्को दोस्रो गोल ३९औं मिनेटमा गरे।

त्यसको एक मिनेटपछि तामाङकै गोलमा निजगढ युवा क्लबले ३–० को अग्रता बनायो। पहिलो हाफमा ३–० ले अघि रहेको निजगढ युवा क्लबले दोस्रो हाफमा गरेका थुप्रै प्रयास सफल हुन सकेन। खेलको ७६औं मिनेटमा बाघभैरवले मैदानको मध्य भागबाट प्राप्त गरेको फ्रिकिकमार्फत मनोज खड्काले पहिलो गोल गरे। पटक–पटकको प्रयास असफल भएपछि १ का विरुद्ध ३ गोलअन्तरले निजगढ युवा क्लब विजयी भयो।

उत्कृष्ट खेल प्रदर्शन गरेबापत म्यान अफ दि म्याच निजगढ युवा क्लबका जन्मजय धामी घोषित भए। सोमवारबाट सेमिफाइनलका खेलहरू हुने प्रतियोगिता आयोजक निजगढ फूटबल क्लबले जनाएको छ। सोमवार हुने पहिलो सेमिफाइनल खेलमा योङ्स्टार युवा क्लब र सिंगौल फूटबल क्लब 'ए' भिड्नेछन्।

प्रतियोगिताका खेलहरू शहीद हीरालाल रङ्गशालामा भइरहेको छ। प्रतियोगिताको विजेताले १ लाख र उपविजेताले ४५ हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्र प्राप्त गर्नेछन्॥

# पत्नीको हत्या गरी पति फरार

प्रस, पर्सागढी, ९ फागुन/

मदिरासेवन गरी पतिले पत्नीलाई कुटपिट गरेर हत्या गरेको समाचार प्रकाशमा आएको छ।

वीरगंज महानगर–२९ बसडिलवामा साहेब पटेलले २८ वर्षीया पत्नी रम्भा पटेललाई मदिरासेवन गरी कुटपिट गरेर हत्या गरेको स्थानीयले आरोप लगाएका छन्। हत्यापछि साहेब पटेल र निजका परिवारहरू फरार छन्। मृतक रम्भा पटेलका चार महीना र तीन वर्षका दुईजना छोरा छन्। अहिले उनीहरूको हेरचाह सानीआमाले गर्दै आएकी छिन्। रम्भा पटेलकी बहिनीको घर पनि सोही ठाउँमा रहेकोले बालकहरूको हेरचाह उनले गरिरहेकी छन्।

पत्नीको हत्यापछि साहेब पटेल र उनका आमाबुबासमेत फरार भएको र उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ। स्थानीयले साहेब पटेल एकाबिहानैदेखि मदिरासेवन गर्ने र हिजो पनि सोही क्रमलाई दोहोऱ्याउँदै पत्नीसँग झगडा गरेको र घाँटी थिचेर हत्या गरेको बताए। प्रहरी चौकी मिलनचोकले मृतक रम्भा पटेलको शव शल्यपरीक्षणको लागि नारायणी अस्पताल पठाएको र अस्पतालको


बिचल्लीमा परेका बालकहरू। तस्वीर: प्रतीक

रिपोर्टपछि हत्याबारेमा जानकारी गराउने बताएको छ। प्रारम्भिक अनुसन्धानमा घरपरिवारका सदस्य र हत्याको आरोपीका दाजुभाइका परिवारसमेत घटनापछि फरार भएकाले हत्याको आशङ्का गरिएको प्रहरीले जनाएको छ।

# मित्रुकाद्वयले दर्जनौंलाई ठगेको आरोप

प्रस, वीरगंज, ९ फागुन/

झापा, भद्रपुर नगरपालिका घर भई हाल वीरगंज–१० बस्ने मिटर ब्याजीको रूपमा चर्चित मुरलीमनोहर मित्रुका र उनका भाइ मदनमोहन मित्रुकाले दर्जनौं व्यक्तिलाई झुक्याएर ठगेको आरोप छ।


पत्रकार सम्मेलनमा जानकारी गराउँदै। तस्वीर: प्रतीक


मुरलीमनोहर मित्रुका

नेपाल पत्रकार महासङ्घ, पर्साको सभाहलमा आइतवार आयोजित पत्रकार सम्मेलनमा भूपू प्रहरी निरीक्षक एमडी सहाबुद्दीन अन्सारीलगायतले मित्रुकाद्वयले कम रकम दिएर तेब्बर कपाली तमसुक बनाइ लाखौं मूल्यको जग्गा दृष्टिबन्धक बनाएको आरोप लगाए। सामान्य खर्चको लागि लिएको रकम र त्यसमा भएको सहमति अनुसार ब्याज दिंदादिंदै पनि मित्रुकाद्वयले बलजफ्ती दर्जनौं व्यक्तिमाथि मुद्दा लगाएर जमीन कब्जा गरेको अन्सारीले गुनासो गरे। दर्जनौं व्यक्तिको जमीन तथा घर लीलाम गराइ मित्रुकाद्वयले आफूहरूलाई बिल्लबाठ बनाएको उनको भनाइ थियो।

अन्सारीका अनुसार मित्रुकाद्वयमध्ये मुरलीमनोहरले वीरगंज महानगर–१२ का नूर देवान, जयनुर नेसा देवानी, वीमनपा–२४ का छोटेलालप्रसाद कुर्मी, वडा नं १३ का महम्मद जाबिर अन्सारी, सखुवाप्रसौनी गाउँपालिका–६ का श्रीराम यादव, मन्जुर आलम, वीरेन्द्र गिरी, बाराको महागढीमाई नगरपालिका–१२ का रोशन खातुन, पोखरिया नगरपालिका–५ का शशिभूषण तिवारी गरी ११ जनाविरुद्ध जिल्ला अदालत पर्सामा लेनदेन तथा चेक अनादर मुद्दा दर्ता गराएको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

अधिकतम रकम रु २ लाखदेखि ३ लाख लिएको तर कपाली तमसुक र दृष्टिबन्धक गराइ ५० लाख मूल्यको सम्पत्ति लीलाम गराएको उनले आरोप लगाए। पत्रकार सम्मेलनमा लक्ष्मणवाका भोला यादवले लेनदेनको भरमा तीनजनाको सम्पत्ति लीलाम भइसकेको बताए। यादव मुरलीमनोहरले सञ्चालन गरेको गोकुल आइसक्रिममा कार्यरत थिए। उद्योग बिक्री गर्ने क्रममा मुरलीमनोहरले बैंकबाट ऋण पास गराइ दिने आश्वासनमा आइसक्रिम उद्योग आफूसमेत अन्य कामदार नवीन देवान, शिवराम यादवको जिम्मा लगाएको यादवले बताए।

पछि उनले बैंकबाट ऋण दिलाउन नसकेको र आइसक्रिम उद्योग अन्यत्र सार्न भनेर आफूहरूसँग रु १५ लाख माग गरेको बताए। पछि तीनजनासँग छुट्टाछुट्टै रु ५/५ लाखको कागज गरेको र आफूहरू बसेको घर दृष्टिबन्धक गराइ लीलाम गराइदिएको आरोप लगाए।

आफूहरू दैनिक ज्यालादारी गरी जीवन निर्वाह गर्दै आएकोमा मुरलीमनोहरले ठगेको आरोप लगाए। पत्रकार सम्मेलनमा सहभागीहरूले न्यायको लागि जिल्ला प्रशासन कार्यालय पर्सामा उजूरी दिएको जानकारी गराए। पत्रकार सम्मेलनमा अन्सारीले रु १३ लाख ऋण लिएको तर २६ लाखको कपाली तमसुक बनाएको बताए। मुरलीमनोहरले आफ्नो नाममा रु २६ लाखको कपाली तमसुक र रु २५ लाखमा डेढ करोड पर्ने जग्गा दृष्टिबन्धक गराइ मुद्दा लगाएपछि समस्यामा परेको बताए।

जिल्ला प्रशासन कार्यालय, पर्साले उजूरी सम्बन्धमा मित्रुकाद्वयलाई कार्यालयमा झिकाएर तारिखमा राखेको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो। तारिखमा रहेका मित्रुकाद्वयसँग आवश्यक कागजात प्रमाण जुटाउने काम भइरहेको प्रमुख जिल्ला अधिकारी आसमान तामाङले बताए।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | मास्कोट एकेडेमी | रक्तदान | मास्कोट एकेडेमी | ७:०० |

